जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ •अंक १२७ • २०८२ साल आश्विन ८ गते बुधबार (24 September, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## एक किशोरको अपहरणपछि हत्या

**टुडे समाचारदाता**

लहान । सिरहाको गोलबजार नगरपालिका-१३ स्थित भेल्हा डंगराहामा १५ वर्षीय किशोर अभिषेक सिंहको अपहरणपछि हत्या गरिएको घटनामा संलग्न आशंकामा प्रहरीले ८ जनालाई नियन्त्रणमा लिएको छ ।

हत्या गरिएका अभिषेक सिंह स्थानीय संजय सिंहका छोरा छन् । उनको शव मंगलबार बिहान गाउँ नजिकैको आँपको बगैंचामा फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी निरीक्षक धर्मेशकुमार यादवले जानकारी दिए ।

उनका अनुसार अभिषेक आइतबार राति करिब ८ बजेदेखि बेपत्ता भएका थिए । परिवारजनले रातभरि खोजतलास गर्दा पनि कतै पत्ता लागेन । सोमबार बिहान करिब ८ बजे अभिषेकको मोबाइलबाट आमाको मोबाइलमा सन्देश आएको थियो । सन्देशमा अपहरण भएको उल्लेख गर्दै फिरौतीको माग गरिएको थियो । तत्कालै परिवारले प्रहरीमा जानकारी गराएको र अनुसन्धान अघि बढाइएको यादवले बताए ।

घटनास्थल गाउँको छेउमै भएको र शव समेत छिमेकमै फेला परेकोले प्रहरीले प्रारम्भिक अनुसन्धानको आधारमा अभिषेककै आफन्त वा छिमेकी संलग्न हुन सक्ने आशंका गरेको छ । यही आशंकाका आधारमा प्रहरीले अभिषेकका आफन्त र छरछिमेकसमेत गरी आठ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ ।

'अनुसन्धान प्रारम्भिक चरणमै छ, त्यसैले हाल पक्राउ परेकाहरूको नाम सार्वजनिक गरिएको छैन,' प्रहरी निरीक्षक यादवले भने । यस घटनाले गाउँमा ठूलो सनसनी फैलिएको छ । स्थानीयबासी आक्रोशित देखिएका छन् भने मृतक अभिषेकका परिवार शोकमा छन् ।

प्रहरी स्रोतका अनुसार अपहरणपछि हत्या योजनाबद्ध ढंगले गरिएको हुनसक्ने देखिएको छ । शवको अवस्था र घटनास्थलको विवरण संकलन गर्दै थप अनुसन्धान जारी राखिएको छ ।

हत्या र अपहरणमा संलग्न दोषीमाथि कडा कारबाहीको माग गर्दै पीडित परिवारले न्यायको माग गरेका छन् ।

सिरहा प्रहरीले घटनाको प्रकृति हेर्दा यो केवल आर्थिक फिरौतीकै लागि मात्र नभई अन्य व्यक्तिगत र पारिवारिक कारणले पनि प्रेरित हुनसक्ने भन्दै सबै कोणबाट अनुसन्धान गरिरहेको जनाएको छ ।

### नेपाली कांग्रेसले सिंहलाई छाड्ने

# जनमत विपक्षी बेञ्चमा, एमाले चलखेलमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभामा मंगलबार जनमत पार्टी विपक्षी बेञ्चमा र मुख्यमन्त्री सतीश कुमार सिंह एक्लै सत्तापक्षको बेञ्चमा बसे ।

जनमत पार्टीले मुख्यमन्त्री सिंहलाई राजीनामा गर्न निर्देशन दिँदै समर्थन समेत फिर्ता लिइसकेको छ । जनमत पार्टी संसदीय दलको बैठकले सिंहलाई राजीनामा गर्न सरकारलाई जनमत पार्टीले दिएको समर्थन फिर्ता लिएको निर्णयको जनाउ प्रदेश प्रमुख र प्रदेश सभामा गराइसकेको दलका नेता महेशप्रसाद यादवले जनाएका छन् ।

'पार्टी दलको निर्णय अनुसार नै विपक्षको बेञ्चमा बसेको छ' उनले भने, मुख्यमन्त्री अब जनमत पार्टीका छैनन् । जनमत पार्टीको मधेश प्रदेशमा १३ जना सभासद छन् । त्यस मध्ये १२ जना विपक्षी बेञ्चमा र एकजना मुख्यमन्त्री सिंह सत्तापक्षको बेञ्चमा बसे ।

बैठकमा बोल्ने क्रममा मुख्यमन्त्री सिंहले राजीनामा नदिने अडान दोहोर्‍याउँदै संघीयताको रक्षा गर्न पद नछाडेको दाबी गरे । 'देशमा संघीयतामाथि संक्रमण देखिएको छ' उनले भने, मधेश प्रदेश संघीयताको जननी भएकाले त्यसको रक्षार्थ पद छाड्नु उपयुक्त हुने छैन । तर उनले फेसबुकमा




आफूले राजीनामा दिएको स्वीकार गरे ।

तर जनमत पार्टी संसदीय दलका नेता यादवले मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने माग गरेका थिए । 'आफ्नै पार्टीले समर्थन फिर्ता लिइसकेको अवस्थामा मुख्यमन्त्रीको कुर्सीमा टाँसिरहन सुहाउँदैन' उनले भने, संघीयताको रक्षा लोकतान्त्रिक आचरणले मात्र हुन सक्छ ।

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णकुमार यादवले मुख्यमन्त्री सिंहलाई मार्ग प्रशस्त गर्न आग्रह गरे । मुख्यमन्त्री बनाउने दलले नै समर्थन फिर्ता लिइसकेपछि मार्ग प्रशस्त गरिदिन आवश्यक भएको उनले बताए ।

जनमत पार्टीले नै समर्थन फिर्ता लिइसकेपछि अल्पमतमा परेको सरकारलाई सत्ता साझेदार नेपाली कांग्रेसले समेत मार्ग प्रशस्त गर्न भनिसकेपछि मुख्यमन्त्रीले राजीनामा नदिने अडान लिनु संघीय लोकतान्त्रिक अभ्यासमा प्रादेशिक संरचनालाई कमजोर बनाउने भएको नेकांका प्रमुख सचेतक कुमरकान्त झाले बताए ।

जनता समाजवादी पार्टी( जसपा)नेपालका प्रमुख सचेतक रामअशिष यादवले जनमत पार्टीका १२ जना सांसद विपक्षी बेञ्चमा बसेको बेला एक्लो मुख्यमन्त्री सत्तापक्षको बेञ्चमा बस्दा अर्कै दलको जस्तो देखिएको बताए ।

'लोकतान्त्रिक पद्धतिको मधेश प्रदेश सभामा उपहास भइरहेको छ ' उनले भने, लोकतान्त्रिक विधिमा दल सर्वोपरी हुनुपर्नेमा यहाँ व्यक्ति सर्वोपरी बन्न थालेका छन् ।

जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुख र प्रदेश सभामा दर्ता गराइसके पनि एमालेले चलखेल गर्न थालेको छ । मुख्यमन्त्री सिंहलाई कमजोर अवस्थामा राखेर एमालेले चालु आर्थिक वर्षमा पनि लुट मच्चाउन खोजेको आरोप विपक्षी दलका नेताहरुले लगाउन थालेका छन् ।

प्रदेश प्रमुखले समर्थन फिर्ता लिएर सरकारबाट सिंहलाई फिर्ता बोलाएको पत्रबारे हालसम्म कुनै कारबाही अगाडि बढाएको छैन । प्रदेश सभामुख रामचन्द्र मण्डलले जनमत पार्टीको प्राविधिक समस्या देखिएको बताउँदै पत्र दर्ता भएको मितिबाट गणना गर्न चाहिरहेका छैनन् ।

सभामुख मण्डलले दलीय स्वार्थबाट ओतप्रोत भइ प्रदेश सभामा भूमिका निर्वाह गरिरहेको आरोप लाग्दै आएको छ । गत अधिवेशनको क्रममा प्रदेश सभाको बैठकमा नै लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल संसदीय दलका उपनेता उपेन्द्र महतो र सभामुख मण्डलबीच अप्रिय स्थिति सृजना हुँदै गालीगलौजसम्म भएको थियो ।

## नेकांले आज निर्णय गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीश कुमार सिंहलाई दिएको समर्थन फिर्ता लिने र सरकारबाट हट्ने निर्णय नेपाली कांग्रेसले बुधबार गर्ने भएको छ ।

संसदीय दलको बुधवार बिहान ८ बजे मधेश प्रदेश पार्टी कार्यालयमा बैठक बोलाइएको छ । सो बैठकले सरकारबाट फिर्ता हुने र मुख्यमन्त्री सिंहलाई दिएको समर्थन समेत फिर्ता लिने निर्णय हुने बताइएको छ ।

सरकारबाट जनमत पार्टीले नै सिंहलाई फिर्ता बोलाइसकेको अवस्थामा नेकांले समर्थन जारी राख्न नहुने पक्षमा कांग्रेसका अधिकांश सभासदहरु रहेका छन् । तर कांग्रेसबाट सरकारमा रहेकाहरु भने संघीयताको रक्षाका लागि सिंहलाई नै समर्थन जारी राख्नुपर्नेमा जोड दिइरहेका छन् ।






# ‘अब संसारसँग छामेर होइन, हेरेर आफैं जुध्न सक्छु’



काठमाण्डु । दुवै आँखामा मोतियाबिन्दुको कारण जानकी गाउँपालिका-२ जुगुनभरियाकी ३० वर्षीया चन्द्रावती महाउत पूर्ण अन्धकारमा जीवन बिताउन बाध्य थिइन् । दुई वर्षअघिसम्म उहाँले दुबै आँखाको दृष्टि गुमाएकी थिइन् । उहाँले भन्नुभयो, “मेरो आँखामा दृष्टि नहुँदा आफन्त, परिवार र वरिपरिको परिवेश मात्र होइन, आफ्नो जीवन नै अन्धकारमय बनेको थियो ।”

चरम गरिबी र मोतियाबिन्दुको शल्यक्रिया पछि दृष्टि फर्किन्छ भन्ने चेतनाका अभावमा चन्द्रावती अन्धकारमा जीवन बिताउन विवश थिइन् । दिनहुँका दैनिकि समेत अन्यका सहारा लिनुवर्दा उहाँले आफैँले आफैलाई एक्लो पाउँथिन् । दृष्टि गुमेपछिको पीडा सुनाउँदै उहाँले भन्नुभयो, “दृष्टि नभएको मानिसको पीडा कस्तो हुन्छ भन्ने त केवल अनुभूतिले मात्र थाहा हुन्छ, यसलाई कसरी शब्दमा व्यक्त गर्न सक्दिन । असहाय महसुस गरेर समय काट्दथे । ”

नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित फत्तेबाल आँखा अस्पताल नेपालगञ्जमा गत भदौ ३१ गते चन्द्रावतीलाई आँखा परीक्षण गर्न ल्याइयो। अस्पतालका वरिष्ठ नेत्र विशेषज्ञ डा देवराज भारतीले मोतियाबिन्दुको शल्यक्रिया तत्काल गर्न सुझाव दिँदै उहाँले एकैपटक दुबै आँखाको शल्यक्रिया समेत गर्नुभयो ।

गुमेको ज्योति पुनः फर्किएपछि चन्द्रावतीले खुसी हुँदै भन्नुभयो, “जीवनमा नयाँ आत्माविश्वास पलाएको छ । ज्योति फर्किन्छ भन्ने कल्पनासम्म गरेको थिइन । जीवनमा नयाँ बिहान आएको छ । मलाई लाग्थ्यो अब संसार कहिल्यै देख्न पाउने छैन, आज फेरि सबै देख्न पाउँदा जीवन नयाँ बनेको छ । अब म आफ्नो परिवारको अनुहार स्पष्ट देख्न सक्छु, काम गर्न सक्छु, संसारसँग छामेर होइन, हेरेरसँग आफैं जुध्न सक्छु ।” आर्थिक अवस्था अत्यन्त कमजोर भएकी चन्द्रावतीको मोतियाबिन्दुको शल्यक्रिया अस्पतालले निःशुल्क गरेको थियो । उहाँले भन्नुभयो, “अस्पतालसम्म मलाई ल्याउने र मेरो उपचार गर्ने चिकित्सक भगवान्सरह हुनुहुन्छ । यस्तो सहयोग मैले कहिल्यै बिर्सन सक्दिन । ”

फत्तेबाल आँखा अस्पताल, नेपालगञ्जका सामुदायिक कार्यक्रम अधिकृत उमेर अहमद सादिकले भन्नुभयो,“ यस्तो पुनःस्थापना सम्भव भएको उपचारको पहुँच र सामुदायिक सहकार्यबाट भएको हो। चन्द्रावती जस्ता बिरामी आज पनि आर्थिक अभाव र जनचेतनाका कमीका कारण गाउँघरमै दृष्टिविहीन भएर बसिरहेका छन् । आँखा शिविरले उहाँहरूको जीवनमा पुनः उज्यालो ल्याउने काम गर्छन् ।”

अस्पतालका प्रबन्ध निर्देशक चिकित्सक कौशलकुमार बर्माका अनुसार अस्पतालले विभिन्न स्थनीय सरकार एवं दातृ निकायहरुसँगको सहकार्यमा मोतियाबिन्दु शिविरहरु सञ्चालन गर्दै आइरहेको छ । उहाँले भन्नुभयो, “ यसका कारण बिरामीहरुको आँखाको दृष्टि पुनः फर्किएको छ ।

चन्द्रावती एउटा पात्र मात्र हुनुहुन्छ । जहाँ उपचारको पहुँच र विभिन्न निकायसँगको सहकार्य उपचारबाट वञ्चितको जीवनको अन्धकारलाई उज्यालोमा परिवर्तन गर्न सकिन्छ ।”

स्थापनादेखि सन् २०२४ को अन्तिमसम्ममा नेपाल नेत्रज्योति सङ्घको २८ आँखा अस्पताल र २२६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कुल चार करोड ६८ लाख ६८ हजार ६० जना आँखाका बिरामीलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छभने ५३ लाख ९२ हजार २२४ जनाको आँखाको शल्यक्रिया भइसकेको छ ।रासस

# वीरगञ्ज नाका हुँदै २६ अर्बको पेट्रोलियम पदार्थ आयात




वीरगञ्ज । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्ष २०८२/८३ को दुई महिनामा रु २६ अर्ब ३३ करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । सो अवधिमा डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात गरिएको हो ।

गत आवको दुई महिनाको तुलनामा चालु आवको दुई महिनामा उक्त नाका हुँदै रु एक अर्ब ७६ करोड बढीको पेट्रोलियम पदार्थ आयात गरिएको वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले जानकारी दिनुभयो । सो अवधिमा आयात बढेसँगै रु एक अर्ब २९ करोड बढी राजस्वसमेत सङ्कलन भएको छ ।

“यहाँको राजस्वको मुख्य आधार पेट्रोलियम पदार्थ र सवारीसाधन आयात हो”, प्रमुख भन्सार प्रशासक ज्ञवालीले भन्नुभयो । गत आवको दुई महिनाको अवधिमा पेट्रोलियम पदार्थ आयातबाट कार्यालयले रु नौ अर्ब ८९ करोड राजस्व सङ्कलन गरेको थियो। त्यस्तै चालु आवको दुई महिनामा पेट्रोलियम पदार्थबाट रु ११ अर्ब १८ करोड सङ्कलन गरेको छ।

चालु आवको दुई महिनामा रु ११ अर्ब ९१ करोडको एक लाख ३२ हजार आठ सय २४ किलोलिटर डिजेल आयात गरिँदा रु पाँच अर्ब २८ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु १० अर्ब ४५ करोड मूल्यको डिजेल आयात हुँदा रु चार अर्ब ५१ करोड राजस्व सङ्कलन भएको प्रमुख भन्सार प्रशासक ज्ञवालीले बताउनुभयो ।

चालु आवको दुई महिनामा रु छ अर्ब ८२ करोडको ८० हजार ५६० किलोलिटर पेट्रोल आयात हुँदा कार्यालयले रु चार अर्ब ५४ करोड राजस्व सङ्कलन गरेको छ । गत आवको सोही अवधिमा भने रु छ अर्ब ४० करोडको ६९ हजार ६४७ किलोलिटर पेट्रोल आयात हुँदा रु तीन अर्ब ९९ करोड राजस्व सङकलन भएको थियो । त्यस्तै चालु आवको दुई महिनामा रु पाँच अर्ब १२ करोडको चार करोड ९५ लाख ६६ हजार ६६४ किलो एलपी ग्यास आयात हुँदा रु ९६ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा भने रु पाँच अर्ब ३६ करोडको चार करोड ९७ लाख ५५ हजार १९४ किलो एलपी ग्यास आयात हुँदा रु एक अर्ब राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ ।रासस

# चीनको चियुवानमा संस्कृति तथा कला सप्ताह



काठमाण्डु । ‘चीनको बाँदर पर्वत, चियुवानको सांस्कृतिक शोभा’ भन्ने नाराका साथ चीनको चियुवान सहरमा पहिलो राष्ट्रिय संस्कृति तथा कला सप्ताह र ‘बाँदर पर्वतमा बाँदर राजा प्रतियोगिता’ उद्घाटन भएको छ ।

सो कार्यक्रम ‘लियु स्याओलिङथोङ कार्यशाला’ र ‘चियुवान सांस्कृतिक पर्यटन लगानी समूह’ले संयुक्त रूपमा आयोजना गरेको हो। सो महोत्सवले चिनियाँ परम्परागत संस्कृतिको उत्खनन गर्ने, चियुवानको सांस्कृतिक-पर्यटनको प्रवर्द्धन गर्ने, र ‘हनान घुमौं, चीन बुझौं’ अभियानलाई नयाँ ऊर्जा दिने उद्देश्य राखेको छ।

कार्यक्रममा बाँदर नाच, युद्धकला र नृत्यका मनमोहक प्रस्तुति देखाइएका थिए। करिब ३०० जना देशभरका ‘सुन्दर बाँदर राजा’ प्रतिस्पर्धीको सामूहिक प्रस्तुति उपस्थिति दर्शकका लागि मुख्य आकर्षण बनेको थियो । कार्यक्रममा प्रसिद्ध कलाकार र चीन-नेपाल सांस्कृतिक दूत लियु स्याओलिङथोङ पनि उपस्थित हुनुहुन्थ्यो ।

समारोहमा चीनको बाँदर पर्वत र नेपालको स्वयम्भूनाथ बाँदर मन्दिरबीच विशेष भिडियो संवाद गरिएको थियो । यी दुई स्थल भौगोलिक रूपमा हजारौँ माइल टाढा भए पनि ‘वानर’ को आध्यात्मिक प्रतीकले दुई देशबीच गहिरो सांस्कृतिक सम्बन्धको प्रतिनिधित्व गरेको छ।

भिडियो सन्देशमार्फत नेपालका पूर्वराजदूत र स्थानीय प्रतिनिधिले कार्यक्रम सफलताको शुभकामना दिनुभएको थियो। चीनका लागि नेपालका पूर्वराजदूत लिलामणि पौडेलले दुई देशबीच सभ्यताको आरम्भदेखि नै गहिरो सांस्कृतिक सम्बन्ध रहेको बताउनुभयो।

गौतम बुद्ध, कन्फ्युसियस र महामञ्जुश्रीजस्ता ऐतिहासिक व्यक्तित्वले दुई देशबीचको सम्बन्ध विस्तारमा महत्त्वपूर्ण योगदान दिएको उल्लेख गर्दै उहाँले दुवै पक्षले यस सम्बन्धलाई अझ मजबुत बनाउन र जनस्तरमा मित्रतालाई थप गहिरो पार्न निरन्तर काम गर्नुपर्ने स्पष्ट पार्नुभयो । सन् २०१८ मा बेइजिङस्थित नेपाली दूतावासमा लियु स्याओलिङथोङले नेपाली पर्यटन प्रवर्द्धनमा दिएको योगदान अविस्मरणीय रहेको उहाँको भनाइ छ।

पूर्वराजदूत टङ्क कार्कीले मञ्जुश्री बोधिसत्वको बुटाइ पर्वतबाट नेपाल भ्रमण गर्ने किंवदन्ती र फासियान तथा ह्वेनसाङका ऐतिहासिक भ्रमणले चीन-नेपाल सम्बन्धको गहिराइलाई देखाउने उल्लेख गर्नुभयो। लियु स्याओलिङथोङको अभिनयले सुन बुकोंगलाई जीवन्त बनाएको र जनस्तरमै मित्रतालाई मजबुत पारेको उहाँको भनाइ छ।

पूर्वराजदूत विष्णुपुकार श्रेष्ठले विभिन्न सञ्चार माध्यमबाट सुन बुकोंगको चरित्र नेपालको युवापुस्तामा लोकप्रिय रहेको बताउनुभयो । चीनमा बाँदर विद्रोह, न्याय र शक्तिको प्रतीक मानिने जानकारी दिँदै उहाँले नेपालमा बाँदर बौद्ध धर्ममा संरक्षक र हिन्दू धर्ममा हनुमानसँग जोडिएको स्पष्ट पार्नुभयो । यस्तो सांस्कृतिक सम्बन्धले जनस्तरमै मित्रता अझ गहिरो बनाउने उहाँको भनाइ छ।

धुलिखेल नगरपालिकाका उपप्रमुख सुवासकाजी श्रेष्ठले स्वयम्भूनाथ महाचैत्य र चीनको बाँदर पर्वत दुवै वर्षको बौद्ध ज्ञानको प्रतीक रहेको बताउनुभयो । बाँदरले मानव, प्रकृति र आध्यात्मिकताको सन्तुलनलाई देखाएको भन्दै उहाँले लियु स्याओलिङथोङले आफ्नो कलात्मक शक्तिबाट दुई देशका जनताको हृदय जितेको धारणा राख्नुभयो ।

कार्यक्रममा ‘पश्चिम यात्रा सांस्कृतिक आदानप्रदान केन्द्र’को उद्धाटन पनि गरिएको थियो । यो कार्यक्रम यही सेप्टेम्बर २७ सम्म सञ्चालन हुनेछ । सो अवधिमा लोककथा, कला प्रदर्शन, अन्तरराष्ट्रिय संवाद, सांस्कृतिक-पर्यटन प्रवर्द्धन र विद्यालयस्तरका कार्यक्रम सञ्चालन हुनेछन् । यसले चियुवानलाई सांस्कृतिक नवप्रवर्तन र आदानप्रदानको केन्द्रका रूपमा पुनःस्थापित गर्ने विश्वास लिइएको चीनको हनान प्रान्त, चियुवान सहर संस्कृति तथा पर्यटन समूह, लियु स्याओलिङथोङको कार्यालयले जनाएको छ ।रासस

# बागमती खोलामा डुबेका किशोरको शव फेला

**टुडे समाचारदाता**



रौतहट । रौतहटको वृन्दावन नगरपालिका-३ विश्रामपुरका १३ वर्षीय रोशन यादवको शव घटनाको झण्डै ३० घण्टापछि फेला परेको छ ।

सोमबार बिहान घटस्थापनाको अवसरमा दुर्गा पूजाको कलश शोभा यात्रामा सहभागी हुने क्रममा बागमती नदीमा नुहाउँदा खोलाको गहिरो खाडलमा परेर रोशन बेपत्ता भएका थिए ।

घटनापछि इलाका प्रहरी कार्यालय गरुडा, इलाका प्रहरी कार्यालय समनपुर, प्रहरी चौकी विश्रामपुर, प्रहरी चौकी धरमपुर, सशस्त्र प्रहरी बल समनपुर क्याम्पका सुरक्षाकर्मी तथा स्थानीय बासिन्दाले लगातार खोजी कार्य गरेका थिए। मंगलबार दिउँसो समनपुर पुलदेखि करिब एक किलोमिटर दक्षिण तर्फ उनको शव फेला परेको ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी शंकर प्रसाद आचार्यले जानकारी दिएका छन् ।

अचानक भएको यस घटनाले सम्पूर्ण गाउँ शोकमा डुबेको छ । मृतक रोशन यादव इलाका प्रहरी कार्यालय गरुडामा कार्यरत प्रहरी गजेन्द्र यादवका छोरा हुन् ।

दशमीको घटस्थापनाका दिनमा कलश यात्राका लागि स्थानीय नदी तथा खोलाबाट जल ल्याउने परम्परा छ। सोही क्रममा भएको यस दुःखद दुर्घटनाले उत्सवमय वातावरणमा पीडा थपेको स्थानीयवासीले बताए ।

# जेनजी प्रदर्शनः २२ अर्ब २५ करोड बराबरको बिमा दाबी

काठमाण्डु । जेनजी पुस्ताको प्रदर्शनका क्रममा भएका क्षतिको रु २२ अर्ब २५ करोड ६५ लाख बराबर बिमा दाबी पुगेको छ । नेपाल बिमा प्राधिकरणका अनुसार बिमा दाबी सबैभन्दा बढी बागमती प्रदेशमा रहेको छ। सो प्रदेशमा रु १७ अर्ब ९७ करोड ७२ लाख बराबरको बिमा दाबी परेको छ। कूल एक हजार ३४३ वटा दाबीको आवेदन परेको प्राधिकरणले जनाएको छ।

माइक्रो इन्स्योरेन्स कम्पनीसहित कूल १८ वटा बिमा कम्पनीमा दुई हजार ४७८ वटा दाबीको आवेदन परेका प्राधिकरणले जनाएको छ । गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा सरकारी तथा निजी सम्पत्तिमा आगजनी, तोडफोडलगायत घटना भएका थिए। प्राधिकरणले निजी सम्पत्तिमा भएको आगजनी र तोडफोडका सम्बन्धमा बिमा दाबी भएको स्पष्ट पारेको छ। ठूलो मात्रामा भौतिक सम्पत्तिको क्षति भएकाले दाबीको मात्रा अझै बढ्न सक्ने देखिएको छ । प्राधिकरणले उपलब्ध गराएको विवरण अनुसार ओरियन्टल इन्स्योरेन्स कम्पनीमा मात्रै रु पाँच अर्ब २२ करोड ९८ लाख बराबरको दाबीको आवेदन परेको छ। यस्तै, सिद्धार्थ इन्स्योरेन्समा रु पाँच अर्ब आठ करोड २८ लाख बराबरको आवेदन प्राप्त भएको छ।

सम्पत्ति बिमाको पाँच सय ३८, मोटर बिमा एक हजार सात सय ७८, इञ्जिनियरिङ तथा ठेकेदार जोखिमका एक सय ३२, परिवहन बिमा ११ र अन्यमा १९ वटा आवेदन प्राप्त भएका छन्। प्रदेशगत आधारमा कोशी तीन सय २२, मधेश दुई सय ४६, बागमती एक हजार ३४३, गण्डकी एक सय ८४, लुम्बिनी दुई सय दुई, कर्णाली २२ र सुदूरपश्चिम प्रदेश एक सय ५९ वटा बिमा दाबी परेका प्राधिकरणले जनाएको छ ।रासस

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | स्वास्थ्य क्षेत्रमा सुधार हुनेछ। |
| वृष : | ईमान्दारितापुर्वक गरिएको प्रयत्नले लक्ष्य पहिल्याउन सहज हुनेछ। |
| मिथुन : | नयाँनयाँ ठाउँको भ्रमणले मनमा उत्साह बढ्नेछ। |
| कर्कट : | झुटो आरोपको सामना गर्नुपर्दछ। |
| सिंह : | लामो समय रोकिएको काम बन्नेछ। समाजमा तपाईको प्रतिष्ठा बढ्नेछ। |
| कन्या : | व्यापारबाटफाइदाहुनेदिनहो।शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ। |
| तुला : | बोलीके प्रभावले राम्रा काम बन्ने योग छ। समाजसेवा र परोपकारमा मन जानेछ। |
| वृश्चिक : | अशान्तिले बास गर्ने दिन छ। कार्यमा बाधा आइपर्ने देखिन्छ। |
| धनु : | परिवारको मर्मको विषयमा सुझबुझ नहुँदा विवाद हुने जोखिम देखिन्छ। |
| मकर : | उठ्पर्ने धन उठ्ने, गरेको परिश्रमको राम्रो लाभ पाइने छ। |
| कुम्भ: | मन अशान्त भएकाले धार्मिक कार्यमा संलग्न हुँदा फाइदा हुनेछ। |
| मीन : | राजनीतिमा लाग्नेहरुले राज्यबाट विशेष सेवा सुविधा प्राप्त गर्न सक्नेछन्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



नवरात्रको दोस्रो दिन सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ स्थित प्रसिद्ध छिन्नमस्ता भगवती मन्दिर सखडामा पूजाअर्चनाका लागिअ एएका दर्शनार्थी। *तस्बिर : रासस*

# अब बदलिनेले नेतृत्व र नबदलिनेले बिदा लिन्छनः महामन्त्री शर्मा



झापा । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले 'जेनजी' को भावना र आन्दोलनको सन्देशलाई आत्मसात गर्दै कांग्रेस नयाँ ढङ्गले रूपान्तरण हुने बताउनुभएको छ।

पार्टीको झापा निर्वाचन क्षेत्र नं १, क्षेत्रीय समितिले मंगलबार गृहनगर धुलाबारीमा आयोजना गरेको 'अबको राजनीति र अबको नेपाल' विषयक अन्तरक्रियामा उहाँले पार्टीमा रूपान्तरणको विकल्प नरहेको धारणा राख्नुभयो।

महामन्त्री शर्माले भन्नुभयो,"समय बदलिएको छ, सबै बदलिनुपर्छ। नेता, कर्मचारी संयन्त्र सबै बदलिनुपर्छ । सिंहदरबार मात्र होइन, गाउँगाउँका हरेक तह बदलिनुपर्छ, चिया पसल गर्नेहरू पनि बदलिनुपर्छ। पार्टीको कुरा गर्दा अब जो बदलिन्छन्, तिनले नेतृत्व लिन्छन्, जो बदलिदैनन् तिनले बिदा लिन्छन् ।"'जेनजी' प्रदर्शनले सबैको आँखा खोलिदिएको धारणा व्यक्त गर्दै उहाँले लोकतान्त्रिक पद्धतिप्रतिको उच्च चेत, भ्रष्टाचार नियन्त्रणका लागि कठोर कदमको आवश्यकता र नेतृत्व परिवर्तन यो आन्दोलनको सन्देश रहेको बताउनुभयो।

आन्दोलनको पहिलो दिन प्रदर्शनकारीमाथि गोली हान्न आदेश दिने र दोस्रो दिन आगजनी एवम् तोडफोड गर्नेहरूका विषयमा गहन छानबिन हुनुपर्ने बताउँदै महामन्त्री शर्माले दोषी जो छन्, उनीहरूप्रति कुनै मोलाहिजा नराखी कडा कानुनी कारबाही हुनुपर्नेमा जोड दिनुभयो। उहाँले मंगलबारै मेचीनगर-१० स्थित पार्टीको क्षेत्रीय कार्यालय, मेचीनगर नगरपालिकासहित भदौ २४ गते आगजनी तथा तोडफोडबाट ध्वस्त भएको आफ्नो निजी निवासको अवलोकन गर्नुभयो।रासस

# चाडपर्व आयो, मन खुसी छैन



काठमाण्डु । मंगलबार बिहानै गोमा विष्ट शत मूल पार्क छेउमा माटो र बालुवा खोज्दै गरेको भेटिनुभयो । उहाँले सोमबार घटस्थापनाको दिन जमरा राखेर दसैंको प्रारम्भ गर्नुभयो । पुजाको तयारी गर्नुभएका उहाँले भन्नुभयो, "दसैं त आयो, तर, मन खुसी आएन।"

गोमाले भन्नुभएझैं, नजिकिएको दसैंमा विगतको जस्तै उत्साह देखिएको छैन । एक साताअघिको जेनजी प्रदर्शनको गहिरो प्रभाव अझै धेरैको मनबाट हटेको छैन । कतिपय सहिद तथा घाइते परिवार त झन् शोकमै छन् ।उहाँले जेनजी प्रदर्शनमा ज्यान गुमाएका युवाहरूले न्याय पाउने आशासँगै देशमा शान्ति छाओस् भनी कामना गरेको सुनाउनुभयो।

दसैंमा प्रायः काठमाडौं सुनसान हुन्छ । बाहिर बस्नेहरू घर जाने भएपछि काठमाडौं खाली हुन्छ । त्यो खालिपनमा यहाँका स्थानीयहरू शान्त भएर बस्न पाउने बताउँछन् । तर, पाटनका भक्तमान श्रेष्ठ भने यसपालिको दसैंमा सडक गल्ली शान्त भएपनि मन शान्त नहुने बताउनुहुन्छ।

जेलबाट भागेका अपराधीहरू टोलभरि छन्। शान्त र सुरक्षित भएर कसरी दसैं मनाउने ? उहाँको मनमा खड्किएको प्रश्न हो यो । उहाँ भन्नुहुन्छ, "प्रहरी कार्यालय जलेका छन्, अपराधीहरू बाहिरै घुमेका छन्। पर्वमा चोरी डकैती बढ्ने डर छ नि।" उहाँका अनुसार यस पालिको दसैंमा एकातिर देशका होनहार युवा गुमाउनु परेको पीडा छभने अर्कोतिर राजनीतिक कारण निश्चिन्त भएर मनाउने अवस्था छैन।

जेनजी प्रदर्शनमा स्वतःस्फूर्त होमिनुभएको थियो, बानेश्वरकी भवानी निरौला । उहाँसँगै आन्दोलनमा थुप्रै साथीहरू घाइते भएका छन् भने केहीले ज्यान गुमाए। "गोली लागेर साथी अस्पतालमा छ, दसैंमा कसरी खुसी हुन सकुँला र ?", २० वर्षीया निरौला भन्नुहुन्छ।

बानेश्वरस्थित फुटपाथ सस्तो बजारका व्यापारी विक्रम भट्टराईका अनुसार विगतमा जस्तो दसैं किनमेलमा उत्साह छैन । एक साताअघि गोलीको बर्सा भएको अझै उहाँको कानमा गुन्जिन्छ।

कोटेश्वर बस्ने टीका गौतम मंगलबार भृकुटीमण्डमा दसैंका लागि किनमेल गर्न पुग्नुभयो। घरमा आवश्यक सामान र बालबालिकालाई लत्ताकपडा किन्नुभयो । दसैंका लागि किनमेल गरिरहनुभएका उहाँले भन्नुभयो, "केटाकेटीलाई खुसी पार्नु पर्यो, आफ्नो मनमा भने दसैंको उत्सव त्यति छैन।"

मनोविद् गोविन्द ढकालका अनुसार चाडपर्वले आफन्तमाझ खुसियाली आदानप्रदान गर्छ। यसले समाजमा सामाजिक सद्भाव सिर्जना गर्नाका साथै वर्षभरिको तनाव पिरमर्कालाई पखालेर हलुको बनाउन मद्दत गर्छ । तर, यस वर्ष देशको स्थिति अनुकूल नहुँदा उत्सवमय बन्न नसकेको उहाँको भनाइ छ। असुरक्षित समाज, राजनीतिक अस्थिरताका कारण समाजमा चाडपर्वलाई उत्साहजनक बनाउन कठिनाइ भएको उहाँले बताउनुभयो।

जेनजी आन्दोलनका क्रममा ७० भन्दा बढी यवा वर्गाको मृत्यु भएको, घाइतेहरू अस्पतालमा छट्पटाइरहेका, क्षतिको आँकलन गर्न सक्ने अवस्था नरहेको, सार्वजनिक संरचना ध्वस्त भएको, सवारी साधन जलेका तथा कैयौं लेटेराहरू जेलबाट भागेको अवस्थामा यस वर्षको बडादशैं खुसी र अर्षोल्लासका साथ मनाउने अवस्थामा नरहेका जेनजी पुस्ताका अगुवाहरू बताउनुहुन्छ । तर पनि आआफ्नो गच्छेअनुसार परापूर्वकालदेखि मानिआएको दसैं पर्व मनाउँदै हाम्रो मौलिक धर्म, संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने दायित्व हामी नेपालीकै भएकाले त्यसतर्फ ख्यान गर्न सम्बद्ध सबैसँग जेनजी पुस्ताका तर्फबाट अनुरोध गरिएको छ।रासस

# चोरी निकासी रोक्न सीमाक्षेत्रमा कडाइ

वीरगञ्ज । पर्सामा अवैध चोरी पैठारी र निकासी नियन्त्रण गर्न सुरक्षा व्यवस्था कडाइ गरिएको छ।

चालु आर्थिक वर्षको दुई महिना बित्दा वीरगञ्ज भन्सार कार्यालयले लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सकेन । भन्सार विभागले कार्यालयलाई चालु आवको दुई महिनामा ४३ अर्ब तीन करोड ११ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। तर, कार्यालयले लक्ष्यको ९० दशमलव ९९ प्रतिशत अर्थात् ३९ अर्ब १५ करोड रुपैयाँ मात्रै राजस्व सङ्कलन गरेको हो।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख विष्णुप्रसाद ज्ञवालीले चोरी तस्करी नियन्त्रणका लागि सरोकारवाला निकायसँग समन्वय गरेर अघि बढ्ने बताउनुभयो । पर्साको सीमा क्षेत्रमा हुने चोरी तस्करी रोक्न अग्रपंक्तिमा सशस्त्र प्रहरी बल नेपाल र दोस्रो तहमा नेपाल प्रहरी खटिएका हुन्छन्।

वीरगञ्ज भन्सार कार्यालय र पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका अनुसार पर्सामा सबैभन्दा धेरै भन्सार छली हुने सामानमा महङ्गा खालका तयारी कपडा, थान कपडा, झ्यालको पर्दा, जुत्ता-चप्पल र तन्ना छन् ।त्यसैगरी कुखुराको अण्डा, कुखुराको चल्ला र कुखुरा, माछा, सुक्खा सिध्रा माछा पनि भन्सार छली हुने गरेका छन्। मोबाइल,



हार्डवेयर तथा बाथरुम फिटिङ्स, किचनका सामानहरु, रङरोगनका सामान पनि भारतीय सीमावर्ती बजारबाट धेरै भित्रिने गर्छन्।

साइकल, मोटरसाइकलको टायर ट्युब, मोटरपार्टस, इलेक्ट्रिक उपकरण र तिनका पार्टपुर्जा भन्सार छली गरी नेपाल भित्रिने गर्छन् । पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका प्रमुख हरिप्रसाद शर्माले बिलबीजक बिना मालवस्तु ओसार्ने प्रवृत्ति देखिएको बताउनुभयो।

"भारतीय नागरिकले नेपालका कम आयआर्जन भएका नागरिकको नागरिकताको दुरुपयोग गरी विभिन्न फार्महरु दर्ता गरी त्यहीमार्फत तस्करी गर्ने पनि विभिन्न समयमा भेट्टिएको छ," उहाँले भन्नुभयो, "नेपाल/भारतका नागरिक-एउटाले तस्करीका सामान ओसार्ने र त्यसलाई वैधता दिन बिल मात्र किन्ने, बिलको किनबेच खालका पनि गतिविधि बेलाबखतमा देखिएको छ।" प्रमुख शर्माले भन्सारमा गलत घोषणा, मूल्य/तौल कम गरी आयात-निर्यात हुने गरेको बताउनुभयो।

पर्साको सहरी र ग्रामीण क्षेत्रमा चाडपर्व लक्षित तथा जेनजीको प्रदर्शनका अवधिमा पनि केही स्थानमा चोरी तस्करी भएको गुनासो आएको छ।


पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले जेनजी प्रदर्शनका क्रममा बजार केन्द्रित सुरक्षा दिएकामा त्यसपछि ग्रामीण क्षेत्रमा सुरक्षा केन्द्रित गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सङ्गठित रुपमा अवैध चोरी पैठारी तथा निकासी गर्नेलाई कडाइ गर्दै आइरहेका छौं।"

यद्यपि पर्साको अलौं, अमरपट्टि, भिष्वा, सिर्सिया, जानकीटोलालगायत स्थानमा धेरै चोरी तस्करी हुने गरेको छ। जिल्ला प्रहरी मातहत ७१ वटा प्रहरी युनिट छन्।

त्यसैगरी सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेड क्वार्टर पर्सामा छ । सो मातहत प्रस्तावित सीमा सुरक्षा गुल्म पाँचवटा छन्। बोर्डर आउट पोष्ट १२ र एफओवी तीन र सुरक्षा बेस भने नौवटा छन् । सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वाटर पर्साका गणपति पुरनचन्द्र भट्टले ग्रामीण क्षेत्रमा हुन सक्ने चोरी तस्करी नियन्त्रणका लागि रातको समयमा पनि गस्ती बढाउँदै आइरहेको उल्लेख गर्नुभयो।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी किशोर लम्सालले चोरी तस्करी र नियन्त्रणका लागि प्रभावकारी ढङ्गले काम गर्दै आइरहेको दाबी गर्नुभयो।रासस

# देश बनाउने कर्मठ युवाहरु जिम्मेवाररुपमा प्रस्तुत हुनुपर्छः अध्यक्ष ओली



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले देश बनाउने कर्मठ युवाहरु जिम्मेवार रुपमा प्रस्तुत हुनुपर्नेमा जोड दिनुभएको छ।

भक्तपुरको सूर्यविनायकस्थित निवासमा युवा सङ्घ नेपालका पदाधिकारी एवं कार्यकर्ताहरुलाई सम्बोधन गर्दै उहाँले युवाहरु देशभक्तिको भावका साथ अत्यन्तै जिम्मेवार भएर अघि बढ्नुपर्नेमा जोड दिनुभएको हो।अध्यक्ष ओलीले भन्नुभयो, "हामीले समाजलाई सुसंस्कृत, सभ्य र विकसित बनाउन लाग्नुपर्छ। असभ्य र गैह्रजिम्मेवार हुनु हुँदैन। देश र समाजप्रतिको कर्तव्य बुझेर युवाहरुले काम गर्नुपर्छ। युवाहरु हावामा कुद्न हुँदैन।"

उहाँले जेनजी प्रदर्शनका क्रममा देशले ठूलो क्षति व्यहोर्नुपरेकामा चिन्ता व्यक्त गर्दै नेपाल र नेपालीलाई माया गर्नेले त्यसरी आगजनी, तोडफोड र लुटपाट गर्न नसक्ने धारणा व्यक्त गर्नुभयो।अध्यक्ष ओलीले भन्नुभयो, "बादल लाग्यो भन्दैमा फेरि आकाश उघ्रँदैन भन्ने होइन।रासस

## काँकरभिट्टा नाका :

# आयात बढ्दा र निर्यात घट्यो

भद्रपुर । चालु आर्थिक वर्ष २०८२/ ८३ को पहिलो दुई महिनामा पूर्वीनाका काँकरभिट्टाबाट रु आठ अर्ब १९ करोड एक लाख मूल्य बराबरका मालवस्तु आयात भएका छन्।

जुन गत आव २०८१/८२ को सोही अवधिको तुलनामा रु ६८ करोड आठ लाख अर्थात् नौ प्रतिशतले बढेको मेची भन्सार कार्यालयका सूचना अधिकारी एंव भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंले जानकारी दिनुभयो । उहाँका अनुसार गत आवमा रु सात अर्ब ५० करोड ९२ लाख बराबरको वस्तु तथा सामान आयात भएको थियो।

चालु आर्थिक वर्षको साउन र भदौ महिनामा यो नाकाबाट हुने निर्यात घटेको छ । चालु आवको दुई महिनामा रु तीन अर्ब छ करोड ३७ लाख बराबरको सामान विभिन्न मुलुक निर्यात भएको छ । गत आवको सोही



अवधिमा रु तीन अर्ब ८६ करोड २८ लाखको वस्तु तथा सामान निर्यात भएको थियो। उक्त निर्यात २० दशमलव ६९ प्रतिशतले घटेको सूचना अधिकारी हुमागाईंले बताउनुभयो।

पूर्वीनाकाबाट निर्यात हुने मुख्य वस्तुहरुमा अलैंची, फलामे पाता, चिया, प्लाइउड, छुर्पी, अम्रिसो, भेनिउर सिट, मोलासिसलगायत रहेका छन्भने आयात हुने मुख्य मालवस्तुहरुमा पेट्रोलियम पदार्थ, जुट, दलहन, पशु आहाराको कच्चापदार्थ, तरकारी, फलफूल, खनिज उत्पादन, तयारी कपडालगायत रहेका छन्।

कार्यालयका अनुसार चालु आव २०८२/८३ को पहिलो दुई महिनामा आयात निर्यातबाट रु दुई अर्ब ६२ करोड ९५ लाख १८ हजार राजस्व सङ्कलन भएको छ। जुन गत आव २०८१/८२ को सोही अवधिको तुलनामा आठ दशमलव ६२ प्रतिशत अर्थात् रु २० करोड ८६ लाख नौ हजारले बढी हो।रासस

## आश्विन शुक्ल द्वितीयाः

# ब्रह्मचारिणी देवीको विधिपूर्वक पूजाआराधना

काठमाण्डु । नवरात्रको दोस्रो दिन मंगलबार दसैं घर वा पूजाकोठामा नौ दुर्गामध्येकी दोस्रो ब्रह्मचारिणी देवीको विधिपूर्वक पूजाआराधना गरिएको छ।

ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजाआराधना गरेमा ब्रह्मतत्वको ज्ञान गर्न सकिने धार्मिक विश्वास छ । संसारका मुमुक्षु प्राणीलाई सच्चिदानन्द रुप ब्रह्मको बोध गराउन निरन्तर लागिरहने मान्यतामा नवदुर्गामध्येको दोस्रो देवीलाई ब्रह्मचारिणी भनिएको हो । ब्रह्मचारिणीको हातमा कमल, अक्षमाला र कमण्डलु बनाइनुपर्छ भन्ने विधान छ।

मार्कण्डेय पुराणलगायत ग्रन्थमा भनिएको छ, 'ब्रह्म चारयितुं शीलं यस्याः सा ब्रह्मचारिणी' अर्थात् सच्चिदानन्द ब्रह्मस्वरुपको प्राप्ति गराउने स्वभाव नै ब्रह्मचारिणी हो। यसैले ब्रह्मतत्वको ज्ञान गर्न चाहनेले विशेष रुपमा ब्रह्मचारिणी देवीको विशेष रुपमा पूजाआराधना गर्ने गर्छन् । नवरात्रमा देशभरका




शक्तिपीठमा पूजाआराधना एवं दर्शन गर्ने भक्तजनको घुइँचो छ । यसैगरी राज्यका तर्फबाट नवदुर्गाको पूजाआराधना गरिने हनुमानढोका दरबारस्थित दसैं घरमा पनि आज विधिपूर्वक ब्रह्मचारिणीदेवीकोपूजाआराधना गरिएको हनुमानढोका दरबार हेरचाह अड्डाले जनाएको छ।

नवरात्रको पहिलो दिन सोमबार दसैं घर वा पूजाकोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजाआराधना गरिएको थियो।

नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवतलगायत देवी स्तोत्र पाठसमेत गरिन्छ। नवरात्रका अवसरमा देवीको आराधना गरी पूजाआराधना गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ।

यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजाआराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ।

वर्षमा चार नवरात्र पर्छन् । त्यसमध्ये आश्विन शुक्ल पक्ष र चैत्र शुक्ल पक्षमा पर्ने नवरात्रमा विशेष रुपमा शक्ति स्वरुपा देवीको पूजाआराधना गरिन्छ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# संघीयता खारेजीले थप विद्रोह हुन सक्छ

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि ठूलो आन्दोलन भएको थियो । झण्डै दुई दशक पूर्व भएको भीषण आन्दोलनले देशमा ठूलो राजनीतिक परिवर्तन भयो । त्यो आन्दोलनको एउटा माग संघीयता पनि थियो । नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रलाई अपरिवर्तनीय प्रस्तावनामा नै स्वीकार गरेको छ । संघीयतालाई खारेज गर्न देशको संविधानलाई नै खारेज गर्नुपर्छ । देशको संविधान खारेज गर्ने भन्दापनि पुनर्लेखनको पक्षमा जेन- जी पुस्ता सहमत देखिएका छन् । उनीहरुले राखेका मागहरु मध्ये कार्यकारी प्रमुखको प्रत्यक्ष जनताबाट चुनाव हुनुपर्ने हो । त्यस विषयमा देशमा पहिलेदेखि केही राजनीतिक दल र केहि सामाजिक संघसंस्था, केही विज्ञहरुले वहस चलाउँदै आएका छन् । कार्यकारी राष्ट्र प्रमुख हुने र जनताले प्रत्यक्ष रुपमा उनको चुनाव गर्ने व्यवस्था लागु हुनुपर्नेमा जेन- जी पुस्ता र केही दलको विचार मिल्छ । संघीयता खारेज गर्ने पक्षमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा), काठमाण्डु महानगरपालिकाका मेयर बालेन साहलगायत देखिएका छन् । तर संघीयता खारेज गर्न अब धेरै सहज छैन । संघीयता खारेज गरिए देशमा फेरि आन्दोलन उठ्न सक्छ । संघीयताको पक्षमा पनि ठूलो जनसंख्या रहेको छ । देशमा संविधान क्रियाशील छ । राष्ट्रिय सभा सकृय भूमिकामा छ । प्रदेश र स्थानीय तह क्रियाशील रहेका छन् । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले फागुन २१ गते चुनाव गराउनै पर्ने बाध्यात्मक अवस्थामा छ । नेपाली सेनाको परमाधिपति राष्ट्रपति संस्थाको भूमिका प्रभावशाली नै देखिएको छ । यस्तो अवस्थामा संघीयता खारेजीको राग अलापेर देशलाई अराजकता तर्फ धकेल्ने काम गर्न हुँदैन । देशमा राजनीतिक स्थिरता नभए सम्म भ्रष्टाचार लगायतका विकृतिहरु हट्ने छैन । कानुन बनाएर मात्र देशमा सुशासन हुँदैन । राजनीतिक स्थिरताले मात्र पारदर्शिता हुन सक्छ । चरित्रवान व्यक्तिले मात्र जवाफदेहीता निर्वाह गर्न सक्छन् । त्यसकारण इमान्दार, चरित्रवान, जवाफदेही नेतृत्वको खोजी गरेर आगामी चुनावबाट प्रतिनिधि सभामा पुऱ्याउने काम गरौँ । प्रतिनिधि सभामा गएका असल जनप्रतिनिधिहरुले देशलाई विकासको सही मार्गमा लग्ने छन् । देशमा रोजगारीको सृजना गर्न वर्तमान सरकारले सक्दैन । यो सरकारले प्रमुख रुपमा चुनाव गराउने र जेन जीको आन्दोलनले राखेका मागहरु मध्ये केहीलाई सम्बोधन गर्न सक्ने देखिन्छ । संघीयता खारेज गर्ने तर्फ सरकार सक्रिय भए घोषित चुनाव समेत विथोलिन सक्ने जोखिम हुन सक्छ । जेन- जीले पनि संघीयता खारेज गर्ने मागलाई अहिले चर्चामा ल्याउन उपयुक्त छैन । प्रदेशमा धेरै व्यय भयो र बेथिति बढयो भने विषय सही हो । तर त्यसलाई सच्चयाउनु पर्छ । खारेज गर्ने होइन ।

# बाघमा सवार माँ चन्द्रघण्टा

*पिण्डजप्रवरारूढा चण्डकोपास्त्रकेर्युता ।*
*प्रसादं तनुते मह्यं चंद्रघण्टेति विश्रुता ॥*

बडा दशैंमा घटस्थापना भएको तेस्रो दिन माँ चन्द्रघण्टाको पूजा गरिन्छ । नवरात्रिको तेस्रो दिन माँ चन्द्रघण्टाको पूजा र व्रत वस्ने गरिन्छ ।चन्द्रघण्टा माताको यो स्वरुपलाई शुद्ध आत्माले पूजागर्दा रोग हटछ र स्वस्थ्य भईन्छ । शत्रुहरुसित भय हुँदैन र दीर्घायुको वरदान प्राप्ती हुन्छ ।यसको साथै माँ आध्यात्मिक शक्ति, आत्मविश्वास र आत्मामाथि नियन्त्रणपनि बढाउछिन् । पहिलो दिन पूजा हुने माँ शैलपुत्री र दोस्रो दिन पूजा हुने माँ ब्रम्हचारिणी भन्दा फरक रुपमा माँ चन्द्रघण्टाको पुजा हुन्छ ।माता चंद्रघंटा शेरमाथि सवार रहनु हुन्छ ।उहाँको दशवटै हातमा विभिन्न अस्त्र शस्त्रहरु रहेका छन् ।माताको टाउकोमा चन्द्रमा विराजमान रहेकाल उहाँको यो स्वरुप अत्यन्त सुन्दर रहेको छ ।चन्द्रमा टाउकोमा विराजमान रहेकै कारण उहाँको नाम चन्द्रघण्टा परेको छ ।

तेस्रो दिन मणिपुर चक्रलाई प्रबल बनाउन साधना गरिन्छ । मन, कर्म, वचन शुद्ध गरी पूजा गर्नेहरुको सबै पाप समाप्त हुने धार्मिक विश्वास छ ।

देवीको यो स्वरूप परम शांतिदायक र कल्याणकारी रहेको छ । त्यसैले भनिन्छ हामी निरन्तर उहाँका पवित्र विग्रहलाई ध्यानमा राखेर साधना गर्नु पर्छ ।



उहाँको ध्यान गर्नु हाम्रो जिवनकाल र परलोक दुवैका लागि कल्याणकारी र सद्गति दिने हुन् ।माताको निधारमा घण्टाको अधार जस्तै चन्द्र रहेको छ ।चन्द्रघण्टा माता कल्याणकारी र सुख प्रदायणी हुन् । माता चन्द्रघण्टाको रंग स्वर्ण झै अत्यन्त चम्किलो हो ।दश हात भएकी माता चन्द्रघण्टाको सबै हातमा अस्त्र शस्त्र विभूषित छन् ।सिंहमाथि सवार माता चन्द्रघण्टाको घण्टीको ध्वनीले भयानक अत्याचारी राक्षत, दानव, दैत्य थर्कमान हुन्छ ।उहाँको घण्टाको आवाजले सन्त, ऋषीमुनी, देवी देउताहरुको आत्मविश्वास बढछ ।

तेस्रो दिन हुने पूजाको आफ्नै महत्व छ । माता चन्द्रघण्टाको कृपाले साधकहरुलाई अलौकिक वस्तुहरुको दर्शन हुन्छ ।दिव्य सुगन्धित अनुभूती हुन्छ ।कयौं किसिमका ध्वनीहरु सुनिन्छ ।यस्तो क्षणमा साधकहरुलाई अत्यन्त सावधान रहनु पर्छ ।माँ चन्द्रघण्टाको अराधनाल साधकहरुलाई वीरता, निर्भयता, सौम्यता र विनम्रताको विकास हुन्छ ।

त्यसकारण हामीले मन, वचन र कर्मले साथै जिउलाई विहित विधि-विधान अनुरुप परिशुद्ध-पवित्र गरी चंद्रघंटामाताको शरणागत भै उपासना-आराधना गर्नुपर्छ ।

विधिविधान पूर्वक साधनागर्दा सबै कष्टबाट मुक्ती पाउनुका साथै सहज ढंगले परम पदका अधिकार बन्न सकिन्छ ।माता चन्द्रघण्टा अत्यन्त कल्याणकारी हुन् ।

# जेन-जेडलाई जेन एक्सको सन्देश



रमेश भट्ट

समयको कालखण्डसँगै मान्छेका सोच, विचार र जीवनशैलीहरू परिवर्तन हुन्छन्। यदि यी परिवर्तनहरूको निकास सहज ढंगमा हुन पाएन भने त्यसले समाजमा अस्थिरता निम्त्याउँछ। प्रत्येक पुस्ताका आ-आफ्ना सोच, भोगाइ, सिकाइ र अनुभवहरू हुन्छन्, जुन अर्को पुस्ताको भन्दा फरक हुन्छन्। राज्यको प्रशासन, सुरक्षा, शिक्षा, स्वास्थ्य तथा अन्य निकायको बागडोर सम्हालेको पुस्ताले प्रायः अन्य पुस्ताका विचार तथा समस्याहरूलाई नजरअन्दाज गरेको पाइन्छ। यही कारण अहिले हामीले जेन-जेडको आन्दोलन देख्न र भोग्नुपर्‍यो। जसरी हिमाल-पहाडबाट सलल बग्दै आउने नदीहरू कुनै कारणवश थुनिँदा त्यसले गाउँ-वस्तीहरू सखाप पार्छ, त्यस्तै कुन्ठित निराशाको भेल जेन-जेड पुस्ताका भाइ-बहिनीहरूले प्रकट गरे।

प्रिय जेनरेसन-जेडका भाइ-बहिनीहरू, तपाईंहरूको पुस्ताद्वारा सुरु गरिएको ऐतिहासिक र महत्त्वपूर्ण आन्दोलनले हामीलाई अचम्मित मात्र बनाएको छैन, तपाईंहरूलाई उच्च सम्मान गर्ने अवसर पनि दिएको छ। हरेक व्यक्तिको आफ्नै पहिचान हुन्छ, तर समय-समयमा मानिसलाई समूहबद्ध गर्ने र सामान्यीकरण गर्ने प्रयासहरू भएका हुन्छन्। त्यसकै परिणामस्वरूप "पुस्ता" भन्ने शब्द प्रचलनमा आएको हो। जन्मवर्ष, उमेर, स्थान र महत्त्वपूर्ण जीवन-घटनाहरूका आधारमा बनेको छुट्टै समूहलाई "पुस्ता" भनिन्छ। समान आर्थिक वा ऐतिहासिक अवस्थाहरूमा जीवन बिताउनु, समान सांस्कृतिक वा वातावरणीय घटनाको प्रभावमा पर्नु, वा समान प्रविधिको प्रभावमा पर्नुले मानिसको सोच, निर्णय र व्यवहारमा समानता ल्याउँछ। यही समानताले त्यो पुस्ताको विशेषता र पहिचान निर्माण गर्छ। त्यसैले प्रत्येक "पुस्ता" का विशेषताहरू समाज र राष्ट्रको गतिशील विकासका लागि महत्त्वपूर्ण आधार बन्ने गर्दछ।

आज-भोलि व्यक्तिहरूलाई जन्मेको वर्षको आधारमा विभिन्न पुस्ताका नामले वर्गीकृत गरिएको छ; परम्परावादी/साइलन्ट जेनरेसन (सन १९२८-१९४५), बेबी-बुमर (सन १९४६-१९६४), जेनरेसन-एक्स (सन १९६५-१९८०), जेनरेसन-वाई (सन १९८१-१९९६), जेनरेसन-जेड (सन १९९७-२०१२, डिजिटल युगमा जन्मिएका), जेनरेसन-अल्फा (सन २०१३-२०२४), र जेनरेसन-बिटा (सन २०२५-२०३९)।

समयसँगै जेनरेसन-जेडका भाइ-बहिनीहरू अगाडि बढ्दैछन्। उनीहरू अझ आत्मविश्वासी, स्रोतसाधनयुक्त र प्राविधिक दृष्टिले सक्षम देखिन्छन्। नेपालजस्तो विकासशील देशमा जन्मिएर पनि जेन-जेडले सिकाइ र अनुभवका उत्कृष्ट अवसरहरू पाएका छन्। हामी जेन-एक्सका सदस्यहरूले राजनीतिक संक्रमण, पुँजीवाद र मेरिटोक्रेसीको प्रभुत्व भोग्यौं, तर जेन-जेडका सदस्यहरू साँचिकै डिजिटल-नेटीभ हुन्। बाल्यकालदेखि नै इन्टरनेट, सामाजिक सञ्जाल र मोबाइल प्रणालीको प्रयोगमा हुर्किएका छन्।

सर्वेक्षणहरूले देखाएअनुसार, जेन-जेडरहरू सत्यको खोजीमा केन्द्रित हुन्छन्। उनीहरू व्यक्तिगत अभिव्यक्तिलाई महत्त्व दिन्छन्, लेबलहरूलाई अस्वीकार गर्छन्, संवादद्वारा समस्या समाधान र संसारलाई सुधार्न सकिन्छ भन्नेमा गहिरो विश्वास गर्छन्। उनीहरू विश्लेषणात्मक र व्यवहारिक ढंगले निर्णय गर्छन्।

सामाजिक सञ्जालमा सक्रिय भएकाले उनीहरूलाई विश्व-सूचना पाउन सजिलो हुन्छ। सानैदेखि विभिन्न संस्कृति, सभ्यता र जनजीवनको बारेमा सिक्ने भएकाले विविधताको सम्मान गर्न र आफ्नै पहिचान खोज्न उनीहरू सिकेका छन्। तर, हरेक कुरा भौगोलिक, सांस्कृतिक, सामाजिक र व्यक्तिगत व्यवहारअनुसार विकास गर्नुपर्छ भन्ने कुरा प्रायः बिर्सिन्छन्।

जेन-जेडहरू वास्तविक र भर्चुअल दुनियाँबीच सहजै स्विच गर्न सक्छन्। उनीहरूलाई चाहिने सूचना तत्काल खोज्ने र सार्वजनिक गर्ने क्षमतामा निपुण छन् र विभिन्न सञ्चार उपकरण तथा सामाजिक सञ्जालको प्रयोग गर्छन्। जेन-जेडका प्रतिनिधिहरू तीव्र रूपमा पेशागत उन्नति चाहन्छन्, तर स-साना कदम चाल्दै लामो समय लगाएर करिअर बनाउने दृष्टिकोणमा धैर्य गर्न भने उनीहरूलाई गाह्रो पर्न सक्छ। उनीहरू प्रविधि र विदेशी भाषामा दक्ष भएका कारण संसारभर रोजगारीका अवसरहरू खोज्न सक्षम छन्।

नेपालमा रोजगारदाता, संस्थाका व्यवस्थापक तथा सञ्चालकहरू प्रायः अपारदर्शी र परम्परागत सोच भएका व्यक्तिहरु हुन्छन्। उनीहरू आफ्ना कर्मचारीहरूसँग प्रत्यक्ष तथा स्पष्ट संवाद गर्न रुचाउँदैनन् र बिचौलिया वा आफू अनुकूल तेस्रो व्यक्ति मार्फत कुरा गर्न चाहन्छन्। तर, जेन-जेड प्रत्यक्ष संवाद, प्रामाणिकता र सान्दर्भिकतालाई महत्त्व दिन्छन्। त्यसैले यस्तो वातावरणमा उनीहरूले काम गर्न असहज महसुस गर्ने भएकाले प्रत्येक वर्ष हजारौं जेन-जेड पुस्ताका भाइ-बहिनीहरू सहज वातावरणको खोजीमा विदेश पलायन भइरहेका छन्।

यद्यपि, उनीहरूको यस्तो निर्णय सधैं सही र फलदायी नहुन पनि सक्छ। नयाँ वातावरणमा के चाहिन्छ भन्ने थाहा नपाउँदा कतिपयले नराम्रोसँग दुःख पनि पाएका छन्। त्यसैले पुस्ता-पुस्ता बीचको नियमित तथा राम्रो संवाद अति आवश्यक छ, जसले पुस्तान्तरण सहज बनाउँछ। एक पुस्ताले अर्को पुस्तासँग अनुभव र नयाँ विचारको आदानप्रदान गरेर धेरै कुरा सिक्न र सिकाउन सक्छ। यसले दुवै पुस्तालाई संयमशील र दूरदर्शी बनाउन सहयोग गर्छ। "मेरा गोरुका बाह्रै टक्का" भन्ने सोचले व्यक्ति, समाज र देशलाई नाश र सखापतिर लैजाने सम्भावना धेरै हुन्छ।

म नर्वेको ट्रम्जो विश्वविद्यालयमा अध्ययन गर्दा एउटा सारै घतलाग्दो कुरा अनुभव गर्ने मौका पाएँ। विश्वविद्यालयको होस्टलमा हामी चार-पाँच विद्यार्थीहरूको एउटै साझा भान्सा कोठा थियो। एकजना नर्वेजियन विद्यार्थीले भान्साको दराजमा स-साना घू-कमिला देखेर विश्वविद्यालय प्रशासनमा उजुरी गरे। नर्वेमा यस्तो कुरालाई सामान्य मानिँदैदोरहेनछ। करिब एक हप्तापछि एन्टोमोलोजिस्टहरूको टोली आयो। मैले त कमिला मार्न विषादी प्रयोग गर्लान भन्ने सोचेको थिएँ, तर उनीहरूले उल्टै कमिलाले मनपराउने चारो राखेर गए। करिब दुई हप्तापछि फेरि अवस्था हेर्न आउँदा मैले सोधेँ- किन कमिला मार्न विषादी प्रयोग नगरी चारो दिनुभयो? उहाँहरूले सहज जवाफमा भन्नुभयो, "विषादी प्रयोग गर्दा वातावरणमा नकारात्मक असर पर्छ, त्यसैले यो प्रक्रिया अपनाएका हौं।" त्यो चारो वातावरणमैत्री मात्र होइन, कमिलाले खुशीसाथ खाएपछि प्रजनन गर्न सक्दैनन् र बिस्तारै पूर्ण रूपमा हराउँछन् भन्ने जानकारी पनि दिनुभयो। त्यो बेला मेरो मनमा एउटै कुरा आयो, मेरो देशमा त मान्छेको हिसाब-किताब छैन, यहाँ कमिला मार्न पनि कति तयारी र प्रक्रिया अपनाउनु पर्ने! यस शैलीले मलाई ठूलो पाठ सिकायो, समस्या तुरुन्तै ध्वंस गरेर होइन, दीर्घकालीन सोच र प्रभावकारी तरिकाले समाधान गर्दा कसैलाई नोक्सान हुँदैन, साथै त्यसको असर पनि सकारात्मक हुन्छ।


अहिले हामीले भोगिरहेका धेरै समस्या तत्काल उत्पन्न भएका होइनन्; लामो समयदेखि रहेको दास मानसिकता, अशिक्षा, गरिबी र समाजमा रहेका कुसंस्कारका कारण उत्पन्न भएका हुन्। त्यसैले यसको समाधान पनि तत्काल र हिंसात्मक होइन, दीर्घकालीन सकारात्मक असर पार्ने किसिमले हुनुपर्छ। तोडफोड, हिंसा, नकारात्मकता वा अरूलाई आरोप लगाउने कार्यले तत्काल र भविष्य दुवैमा नकारात्मक परिणाम ल्याउँछ। नकारात्मक सोचले कहिल्यै पनि सकारात्मक परिणाम ल्याउन सक्दैन।

यदि हामी समाजलाई सम्पन्न, सभ्य र विकसित बनाउन चाहन्छौं भने सकारात्मक सोच विकास गर्नुपर्छ। मेरो विचारमा, कुनै पनि व्यक्तिको सोच सकारात्मक बनाउन परिवार, समाज, शैक्षिक संस्था र राज्यले अवलम्बन गरेका नीतिहरूको ठूलो प्रभाव पर्छ। परिवारको वातावरण सकारात्मक र मेहनतमुखी हुनुपर्छ। बुबा-आमाले आफ्ना छोराछोरीलाई आफ्ना दैनिक क्रियाकलापबारे बताउने र मेहनतको मूल्य बुझाउनुपर्छ।

त्यस्तै समाजले पनि राम्रो संस्कारलाई प्रोत्साहन र कुसंस्कारलाई हतोत्साहित गर्नुपर्छ। मेहनती, सिर्जनशील र अरूलाई सहयोग गर्ने व्यक्तिलाई आदर्शका रूपमा स्थापित गर्नुपर्छ। अवैध कमाइ गर्ने, व्यक्तिगत स्वार्थ बोकेका वा निराशावादी सोच भएका व्यक्तिलाई प्रोत्साहन गर्नु हुँदैन। त्यसैगरी व्यक्ति र समाजलाई सकारात्मक बनाउन महत्त्वपूर्ण भूमिका शिक्षकले पनि खेल्छन्। शिक्षकहरूले विद्यार्थीहरूको विचार र आवश्यकता बुझ्नुपर्छ र बदलिँदो परिस्थितिमा आफूलाई अनुकूल बनाउनुपर्छ। शिक्षक विद्यार्थीका लागि आदर्श व्यक्तिको रूपमा विकास हुनुपर्छ, जसमा समाजको अहम भूमिका हुन्छ। शिक्षकले कक्षाभित्र मात्र होइन, आफ्नो जीवनशैली र व्यवहारबाट पनि शिक्षा दिनुपर्छ। यस्तो माहोल सिर्जना गर्न शैक्षिक संस्था, समाज र राज्यको ठूलो भूमिका हुन्छ। तर हाम्रो समाजमा शिक्षकको पेशालाई निम्न दर्जामा हेर्ने प्रवृत्तिले शिक्षकको आत्मसम्मान घटाउँछ, जसका कारण शिक्षकले दिने ज्ञान र समाजको यथार्थ मेल खाँदैन। त्यसैले परिवार, समाज र राष्ट्रले शिक्षकको पेशालाई सम्मान र सहयोग गर्नुपर्छ। हालको अवस्थामा धेरै शिक्षक अझै परम्परागत र कठोर छन्, जसले सिकाइको वातावरण कमजोर बनाउँछ र विद्यार्थीले आफ्नो क्षमताको अपेक्षित विकास गर्न सक्दैनन्, जसबाट निराशा जन्मिन्छ।

अहिलेकै जेन-जेड पुस्तामा नवीनतम विचार, साहस र अद्भुत शक्ति छ। यसलाई राष्ट्रको विकासका लागि सकारात्मक र चतुराईपूर्वक रूपान्तरण गर्न आवश्यक छ। त्यसैले तपाईंहरूले चाल्ने प्रत्येक कदम अत्यन्तै सावधानी र जिम्मेवारीपूर्वक चाल्नुपर्छ, जसको असर सकारात्मक र दीर्घकालीन होस्। यदि तपाईंहरूको पुस्ताले पनि यी विषयलाई उचित, जिम्मेवार र चतुराईपूर्वक सम्बोधन गर्न सकेन भने आउँदो पुस्ताले यो देशमा बाँच्न अझ ठूलो चुनौती र कठिनाइ भोग्नुपर्नेछ। अनि हाम्रो पुस्ता (जेन-एक्स) ले वृद्धावस्थामा एक्लोपनसहित अनेकौं समस्याबीच जीवन बिताउनुपर्नेछ।

# संविधान संशोधनको बहस र नेतृत्वको परीक्षा : जेन-जी आन्दोलनपछि राजनीतिक स्थायित्वको खोज



रमेश कुमार बोहोरा

नेपालको राजनीतिक अस्थिरता झण्डै दुई दशकदेखि निरन्तर चलिरहेको छ । २०७२ सालमा संविधान जारी भए पनि त्यसको कार्यान्वयनका क्रममा उठेका विवाद, राजनीतिक अस्थिरता र जनस्तरमा देखिएको असन्तुष्टि अहिले फेरि तीव्र बनेको छ । संविधानले प्रदान गरेको अधिकार, संरचना र मूल्यका विषयमा राजनीतिक दलको असहमति र नेतृत्वको अस्थिरताले जनतामा गहिरो निराशा थपेको छ । भदौ २३ र २४ गते देशभरि उर्लिएको जेन-जी आन्दोलन त्यसको प्रत्यक्ष संकेत हो । युवापुस्ताको आक्रोश र असन्तोषले देशलाई गम्भीर राजनीतिक भुमरीमा ल्याएको छ । आन्दोलनको प्रारम्भिक माग भ्रष्टाचार नियन्त्रण, सरकारी कार्यशैलीमा पारदर्शिता र प्रशासनिक सरलीकरण थियो । तर आन्दोलन विस्तारै संवैधानिक संरचना र राजनीतिक संस्कारमै प्रहार गर्ने दिशामा उन्मुख भयो । सार्वजनिक सम्पत्तिमा आक्रमण, आगजनी र तोडफोडले अर्थतन्त्रलाई ठूलो धक्का पुगे पनि नागरिक समाज र विश्लेषकहरूले यसलाई केवल आक्रोशको विस्फोट होइन संवैधानिक विमर्शको संकेतको रूपमा लिएका छन् ।

नेपालको संविधान लोकतान्त्रिक मूल्यमा आधारित रहे पनि यसको कार्यान्वयनले बारम्बार प्रश्न खडा गरेको छ । संसद, कार्यपालिका, संघीय संरचना, संवैधानिक निकाय र न्यायपालिकाको भूमिकाप्रति जनतामा विश्वासको कमी देखिनु यसको प्रमुख उदाहरण हो । राजनीतिक दलहरूले संवैधानिक प्रावधानलाई आफूअनुकूल प्रयोग गरेको, शक्ति सन्तुलनभन्दा पद र भागबन्डामा ध्यान केन्द्रित गरेको आरोप बलियो छ । यही कारण अहिले संविधान संशोधनको बहस पुनः चर्किएको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको माग, गैरसांसद मन्त्रीको सम्भावना, प्रदेश सरकारको आवश्यकता, संवैधानिक नियुक्तिमा पारदर्शिता र न्यायपालिकाको स्वतन्त्रता यी पाँच मुद्दा अहिलेको राजनीतिक बहसको केन्द्रमा छन् । तर समाधानको बाटो संविधानका शब्दमा मात्रै सीमित छैनल। राजनीतिक संस्कारमा सुधार र नेतृत्वको इमानदारिता नै मूल प्रश्न हो ।

हालको संसदीय प्रणालीले प्रधानमन्त्रीलाई संसदको बहुमतमा आधारित बनाउँछ । दलको संसदीय दलको नेता वा बहुमत जुटाउन सक्षम सांसद प्रधानमन्त्री हुन्छन् । यो व्यवस्था जनप्रतिनिधित्वको आधारमा बनेको भए पनि राजनीतिक अस्थिरताले जनतामा निराशा छाएको छ । २०७२ सालदेखि आजसम्म सरकारले बारम्बार परिवर्तन भोगेको तथ्य यसलाई पुष्टि गर्छ । सुशील कोइरालादेखि केपी शर्मा ओलीसम्म र त्यसपछि आएका सरकारसम्म प्रधानमन्त्रीको सिट निरन्तर बदलिँदै गयो । मन्त्रिपरिषद् फेरबदलको संख्या अझै बढी रह्यो जसले नीति, नियम र सेवा वितरणमा निरन्तरता देखाएन जनताले राजनीतिक स्थिरताको अभाव मात्र होइन, नीतिगत अस्थिरता पनि भोगिरहेका छन् । योजनाहरू अधूरा छन् प्राथमिकताहरू बदलिँदै जान्छन् र नागरिकमा विश्वासको संकट गहिरिँदै गएका छन् । यही कारण प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको माग उठ्दै आएको हो । नागरिकलाई ठोस निर्णय लिने र नीति निरन्तरता दिने शक्तिशाली कार्यकारीको आवश्यकता महसुस भइरहेको छ ।

तर प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री कुनै रामबाण हो भन्ने ग्यारेन्टी छैन । स्थानीय तहमा प्रमुख वा अध्यक्ष प्रत्यक्ष निर्वाचित हुने व्यवस्था छ । तर धेरै स्थानमा लोकप्रियतावादको आडमा व्यक्तिगत प्रभुत्व जमाउने प्रवृत्ति देखिएको छ । विश्वका उदाहरणले पनि प्रत्यक्ष निर्वाचित कार्यकारी एकपटक सत्तामा पुगेपछि उसलाई हटाउन कठिन हुने देखाउँछन् । नेपालजस्तो भू-राजनीतिक रूपमा संवेदनशील देशमा कुनै कार्यकारीले विदेशी शक्तिको पक्षपोषण गरेमा त्यसलाई नियन्त्रण गर्न संसदसँग सीमित औजार मात्र रहनेछ । यो जोखिमलाई नजरअन्दाज गर्न सकिँदैन समस्या प्रणालीमा मात्र होइन नेतृत्वको सोच, सक्षमता र नैतिकतामा पनि छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी प्रत्यक्ष निर्वाचित नभए पनि स्थिर सरकार सञ्चालन गरिरहेका छन् । यसैले प्रत्यक्ष निर्वाचित प्रणाली ल्याउने कि नल्याउने भन्दा पनि जनप्रतिनिधिको जवाफदेहिता, इमानदारिता र राजनीतिक प्रतिबद्धता सुनिश्चित गर्नु नै प्राथमिकताको विषय हो ।

अर्को बहस गैरसांसदलाई मन्त्री बनाउने हो कि होइन भन्नेमा केन्द्रित छ । हालको प्रावधानअनुसार मन्त्री बन्न संसदको सदस्य हुनु आवश्यक छ । यसले कार्यपालिका र व्यवस्थापिकाबीच घनिष्ठ सम्बन्ध कायम राख्छ तर यो घनिष्ठता कहिलेकाहीं अस्वस्थ प्रतिस्पर्धामा बदलिन्छ । सांसदहरू मन्त्री बन्ने आकांक्षामा केन्द्रित हुन्छन् जसले नीति निर्माणभन्दा पनि सत्ता समीकरणलाई प्राथमिकता दिन्छ । प्रधानमन्त्रीले पनि पद सुरक्षित राख्न मन्त्रालय वितरणको खेल खेल्छन् । यसले पेशागत दक्षताभन्दा पनि राजनीतिक समीकरणलाई बढावा दिएको छ । यदि गैरसांसदलाई मन्त्री बनाउन सकिने व्यवस्था भए प्रधानमन्त्रीले पार्टीभित्रको दबाबभन्दा बाहिर गएर विषयविज्ञ र इमानदार व्यक्तिलाई मन्त्री बनाउन सक्थे । यसले नीति कार्यान्वयनमा पेशागत दक्षता ल्याउन सक्थ्यो । संसदले सरकारको निगरानी गर्ने अधिकार भने यथावत रहने थियो । तर संसदसँग प्रत्यक्ष सम्पर्क नभएका मन्त्रीहरूले नीतिगत कार्यान्वयनमा कठिनाइ भोग्न सक्ने जोखिम पनि छ । राजनीतिक वैधतामा प्रश्न उठ्न सक्ने भएकाले यस्तो प्रणालीलाई पाइलट प्रोजेक्टको रूपमा परीक्षण गरेर मात्र अगाडि बढाउनु उपयुक्त देखिन्छ ।

अर्को बहस प्रदेश सरकारको खारेजी वा सुधारमा छ । २०७२ सालको संविधानले संघ, प्रदेश र स्थानीय तहमा सरकार गठनको व्यवस्था गर्दै शक्ति विकेन्द्रीकरणको बाटो समातेको हो । तर पछिल्ला वर्षहरूमा प्रदेश सरकारलाई अनावश्यक खर्चिलो संरचनाको रूपमा चित्रण गर्ने प्रवृत्ति बढेको छ । सरकार बनाउने र गिराउने खेल, मन्त्री बन्ने होड, मन्त्रालयको अस्वाभाविक विस्तार र स्रोतको दुरुपयोगले जनस्तरमा असन्तोष बढेको छ । कतिपयले प्रदेश सरकारलाई केन्द्रको नक्कल मात्र देख्छन् । प्रदेश खारेज गर्नु औंलामा घाउ लाग्दा हात काट्ने जस्तै हो । संघीयता ल्याउनुको मुख्य उद्देश्य सिंहदरबार केन्द्रित शासनको अन्त्य र जनतालाई नजिकबाट सेवा पुऱ्याउनु हो । कर्णाली वा सुदूरपश्चिमका जनप्रतिनिधिले बजेट माग गर्न काठमाडौं धाउनुपर्ने अवस्था संघीयता आएपछि कम भएको छ । संघीयता खारेज गर्नु भन्दा सुधार गर्नु आवश्यक छ । प्रदेश मन्त्रिपरिषद्को आकार सीमित गर्ने, मन्त्रालयलाई प्रदेशको विशेषता अनुसार मात्र राख्ने, खर्च नियन्त्रण गर्ने जस्ता संवैधानिक सुधार जरुरी छन् । समस्या संघीयताको अवधारणामा होइन, त्यसको कार्यान्वयनमा देखिएको कमजोरीमा छ ।

अर्को मुद्दा संवैधानिक नियुक्तिमा पारदर्शिता हो । निर्वाचन आयोगदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्मका निकाय लोकतान्त्रिक शासनका मेरुदण्ड हुन् । तर नियुक्ति प्रक्रियामा दलगत भागबन्डा, शक्ति सन्तुलन र राजनीतिक निकटतालाई आधार मानेर नियुक्ति हुने आरोप बलियो छ । तत्कालीन ओली सरकारले अध्यादेशमार्फत ५२ जना संवैधानिक पदाधिकारी नियुक्त गर्दा उठेको विवाद यसको उदाहरण हो । योग्य व्यक्तिलाई पाखा लगाएर दल नजिकका अनुहारलाई प्राथमिकता दिइएको धारणा छ । यस्ता विवादले संस्थाको विश्वसनीयता मात्र होइन लोकतान्त्रिक शासनको मेरुदण्ड कमजोर पार्छ । त्यसैले नियुक्ति प्रक्रियामा स्पष्ट मापदण्ड, सार्वजनिक सुनुवाइ र योग्यताको प्रमाणित आधारलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । योग्य व्यक्तिलाई नेतृत्वमा ल्याउने र नागरिकको विश्वास पुनःस्थापित गर्ने यही बाटो हो ।

अर्को बहस न्यायपालिकाको स्वतन्त्रतासँग सम्बन्धित छ । संविधानले न्यायपालिकालाई लोकतान्त्रिक शासनको मेरुदण्डका रूपमा मान्यता दिएको भए पनि पछिल्ला वर्षहरूमा न्यायपालिका नै सर्वाधिक आलोचनाको केन्द्र बनेको छ । विवादास्पद फैसला, ढिलो न्याय र राजनीतिक प्रभावमा नियुक्त भएका न्यायाधीशहरूको कार्यशैलीले न्यायपालिकाको विश्वसनीयता कमजोर बनाएको छ । न्यायाधीश नियुक्तिमा दलगत सन्तुलन र व्यक्तिगत निकटतालाई प्राथमिकता दिइनु न्यायको गुणस्तरमा प्रत्यक्ष असर पार्छ । यसलाई रोक्न न्याय परिषद्को संरचना र कार्यशैलीमा सुधार अनिवार्य छ । भारतको कलेजियम प्रणाली जस्ता तुलनात्मक अभ्यासबाट सिकेर राजनीतिक हस्तक्षेप हटाउने व्यवस्था आवश्यक देखिन्छल। न्यायिक निर्णयमा समयबद्धता र गुणस्तर सुनिश्चित नगरेसम्म नागरिकले अन्य राज्य अंगमा भरोसा राख्न सक्दैनन् ।

जेन-जी आन्दोलनले देखाएको असन्तोष केवल तत्कालीन घटनामा सीमित छैन । यो नेपालको संवैधानिक अभ्यास र राजनीतिक संस्कृतिको गहिरो समस्या हो । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको बहस होस् वा गैरसांसद मन्त्रीको सम्भावना, प्रदेश सरकारको सुधार होस् वा संवैधानिक नियुक्ति र न्यायपालिकाको स्वतन्त्रता यी सबैको समाधान केवल संविधान संशोधनले मात्र सम्भव हुँदैन । मूल समस्या राजनीतिक नेतृत्वको निष्ठा, इमानदारिता र जवाफदेहितामा छ । अस्थिरता, पदलोलुपता र भागबन्डाको संस्कृतिले कुनै पनि संरचना कमजोर पार्छ । त्यसैले संवैधानिक सुधारसँगै राजनीतिक संस्कारको सुधार अपरिहार्य छ ।

नेपाल जस्तो बहु-विविधतायुक्त देशमा स्थायित्व ल्याउने उपाय संरचना खारेज वा प्रतिस्थापन मात्र होइन, संस्थागत अभ्यासलाई सुदृढ बनाउनु हो । संसद, कार्यपालिका, संघीय संरचना, संवैधानिक निकाय र न्यायपालिका सबैले आफ्नो अधिकार र दायित्व इमानदारीपूर्वक निर्वाह गरे मात्र लोकतन्त्र बलियो हुन्छ । आजको मूल प्रश्न संविधानको प्रावधान होइन, संविधानप्रति राजनीतिक नेतृत्वको निष्ठा हो । आगामी यात्रामा नेपालको लोकतान्त्रिक स्थायित्व र राजनीतिक संस्कार दुवैमा सुधार गर्ने साहसिक निर्णय लिनु अपरिहार्य छ । नागरिकको आक्रोशले चेतावनी दिइसकेको छ संविधानको अक्षरलाई मात्र होइन यसको आत्मालाई सम्मान नगरेसम्म स्थिरता र समृद्धिको सपना अधुरै रहन्छ ।

नेपालको संविधान संशोधनको बहसले सतहमा उठाएका विषयहरू गहिरो छन् । प्रत्यक्ष निर्वाचित कार्यकारीको सम्भावना, गैरसांसद मन्त्रीको सवाल, प्रदेश सरकारको भविष्य, संवैधानिक निकायको नियुक्ति प्रक्रिया र न्यायपालिकाको स्वतन्त्रता यी सबैको जड राजनीतिक चरित्रमै छ । संविधानको आत्मा केवल कागजी प्रावधान होइन कार्यान्वयनको इमानदार अभ्यास हो । नेतृत्वले जनतालाई जवाफदेही र नीतिगत स्थिरता दिन सक्ने हो भने संविधानको संरचना आफैं बलियो बन्न सक्छ । नभए फेरि जुनसुकै संशोधन पनि असफल हुनेछ । जेन-जी आन्दोलनले दिएको चेतावनी यही हो सत्ता खेलभन्दा माथि उठेर देशको भविष्यका लागि इमानदार निर्णय लिनु नेतृत्वको पहिलो कर्तव्य हो ।

# जनताले स्पष्ट बुझ्ने भाषामा कानुन निर्माण गर्ने निर्णय सदर



काठमाण्डु । नवनियुक्त कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले सिंहदरबारस्थित मन्त्रालयमा मंगलबार पदबहाली गर्नुभएको छ।

उहाँलाई मन्त्रालयका सचिव पाराश्वर ढुङ्गानासहित मन्त्रालयका उच्च पदस्थ अधिकृतले स्वागत गर्नुभयो । पदबहालीपछि मन्त्री सिन्हाले कानुनलाई आमजनताले कसरी स्पष्टसँग बुझ्न सक्छन् त्यसको निर्माण प्रक्रिया, भाषा, शैलीलगायत प्राविधिक विषयमा अध्ययन गर्नेसम्बन्धी पहिलो निर्णय सदर गर्नुभयो।

त य स अ व स र मा सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै उहाँले जेनजी पुस्ताले उठाएको मूल विषय भनेकै सुशासन, भ्रष्टाचारमुक्त समाज र स्वदेशमै रोजगारीसम्बन्धी विषय भएकाले सरकारले प्राथमिकता दिएर काम गर्ने बताउनुभएको छ।

उहाँले भन्नुभयो, "अहिलेको तत्कालका लागि जति पनि प्रश्न उठेका छन् त्यसलाई सम्बोधन गर्दै लानुपर्नेछ । चुनावी सरकार भएकाले पहिलो प्राथमिकता चुनाव सम्पन्न गर्ने प्रतिबद्धता छ। तोकिएको समयमा चुनाव सम्पन्न गर्नुपर्ने छ। त्यसमा सम्झौता गर्न सक्दैनौँ।"

उहाँले चुनावका लागि आवश्यक पर्ने केही संशोधन र परिमार्जन गर्नुपर्ने भएकाले अध्यादेशमार्फत भए पनि कानुनको व्यवस्था गरिने बताउनुभयो। सञ्चारकर्मीको एक प्रश्नको जवाफमा मन्त्री सिन्हाले भ्रष्टाचार छानबिनसम्बन्धी आयोग गठनको विषय आवश्यक छलफलपछि निष्कर्षमा पुगिने बताउनुभयो।

सर्वोच्चलगायतका अदालतमा भएको आगजनीबाट क्षति पुगेका मिसिलहरूलाई जस्ताको तस्तै त अवस्थामा राख्न कठिन रहेको बताउँदै उहाँले तथापि सकेसम्म मिसिलसम्बन्धी सङ्कलन गरेर मुद्दा फछ्र्योटलाई अघि बढाउन पर्ने कार्यजिम्मेवारी रहेको धारणा व्यक्त गर्नुभयो।

मन्त्री सिन्हाले भन्नुभयो, "यो ठूलो चुनौती छ अदालतको लागि। तथापि जसरी काम सुरु गरिएको छ, कर्मचारी त्यसमा लागिपरेका छन् । दसैंपछि ट्र्याकमा ल्याउन सकिन्छ । तर पूर्ण रूपमा ल्याउन धेरै नै समय लाग्छ किनकी ठूलो नोक्सानी भएको छ। हामी कोसिस गर्छौं। सबै कुरालाई सकारात्मक रूपमा लिएर जानुपर्छ।"

**भू-उपयोग नियमावली संशोधनको प्रक्रिया अघि बढाइने**

भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री अनिलकुमार सिन्हाले भू-उपयोग नियमावली संशोधनको प्रक्रियाअघि बढाउने निर्णयमा हस्ताक्षर गर्नुभएको छ।


सिंहदरबारस्थित मन्त्रालयमा मंगलबार पदभार ग्रहण गर्दै भूमिव्यवस्थामन्त्री सिन्हाले हालसम्म भूमि सुधारका क्षेत्रमा थुप्रै काम भए तापनि कित्ताकाट रोकिएका कारण विकाससम्बन्धी काम प्रभावित भएकाले सहजीकरणका पक्षमा संशोधन गरिएको स्पष्ट गर्नुभयो।

उहाँले भन्नुभयो, "विशेषगरी कित्ताकाट रोकिएको विषय, विकास आयोजनाका लागि जग्गा प्राप्तिसम्बन्धी विषय र कृषियोग्य जमिनको संरक्षण तथा सदुपयोलगायतका विषयलाई प्राथमिकतामा राखी भू-उपयोगसम्बन्धी ऐन तथा नियमावली संशोधन गर्न आवश्यक छ।"

मन्त्री सिन्हाले स्थानीय तहलाई दिइएको अधिकार पर्याप्त नभएकाले केन्द्रबाट आवश्यक सहजीकरण गर्नुपर्ने धारणा राख्दै देश र जनतालाई केन्द्रमा राखेर वैज्ञानिक एवं वस्तुनिष्ठ ढङ्गबाट जग्गा व्यवस्थापन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । पदभार ग्रहणका अवसरमा सचिव तथा उच्चअधिकारीहरुले मन्त्री सिन्हालाईस्वागतगर्दै मन्त्रालयको वर्तमान अवस्था, कार्ययोजना र प्राथमिकताबारे जानकारी गराउनुभएको थियो ।रासस

# पत्रकारको पेसागत र भौतिक सुरक्षाप्रति गम्भीर छु : सञ्चारमन्त्री खरेल

"सम्मानले परिवारलाई धैर्यता र साहस दिन्छ, स्व पत्रकार रजकको न्यायका लागि मन्त्रालय तत्पर हुनेछ । गृहमन्त्रीसँग छलफलमा बसेर कुरा गर्नेछु । प्रधानमन्त्रीसमक्ष पनि यो कुरा पुऱ्याउने छु"



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पत्रकारहरूको पेसागत र भौतिक सुरक्षाका सम्बन्धमा राज्यका सम्बन्धित निकायसँग छलफल गर्ने बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ, नेपाल टेलिभिजन प्रतिष्ठान शाखाद्वारा मंगलबार आयोजित हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार वितरण समारोहमा मन्त्री खरेलले पत्रकारहरूको सुरक्षा व्यवस्थाका विषयमा गृहमन्त्रीलगायत सम्बन्धित निकायसँग छलफल गर्ने बताउनुभयो।

उहाँले गत चैत १५ गते काठमाडौँ तीनकुनेमा भएको प्रदर्शनको समाचार सङ्कलन गर्ने क्रममा पत्रकार सुरेश रजकको निधन भएको घटनाबारे छानबिन वा उचित न्यायका लागि पहल गर्ने बताउनुभयो । रजकसँगै विभिन्न आन्दोलन एवं प्रदर्शनका क्रममा मृत्यु वा घाइते भएका पत्रकारका विषयमा समेत छानबिन गर्ने उहाँको भनाइ थियो।

यस वर्षको हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कारबाट एभिन्यूज टेलिभिजनका क्यामरापर्शन रजकलाई मरणोपरान्त प्रदान गरेको छ । मन्त्री खरेलले यस पुरस्कारले रजकसँगै स्व पत्रकारहरू हेम-सुनिलप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो।

"सम्मानले परिवारलाई धैर्यता र साहस दिन्छ, स्व पत्रकार रजकको न्यायका लागि मन्त्रालय तत्पर हुनेछ । गृहमन्त्रीसँग छलफलमा बसेर कुरा गर्नेछु। प्रधानमन्त्रीसमक्ष पनि यो कुरा पुऱ्याउने छु", उहाँले भन्नुभयो, "पत्रकारको जीवन व्यवस्था परिवर्तन गर्दा होस वा सरकार परिवर्तन, प्राकृतिक वा मानव निर्मित जोखिम कुनै पनि कालखण्डमा जोखिम मालेर काम गरिरहेका हुन्छौँ । गाँस, बास कपासको दुःख हुन्छ तर हामीले देश, राष्ट्र जनताका लागि कलम चलाइरहनुपर्ने, आवाजहरू दिइरहनुपर्छ । आफू मरेको थाहै हुँदैन, आफू अधिकारविहीन, आफू अन्यायमा परेका थाहै हुँदैन।"

मन्त्री खरेलले सार्वजनिक सेवा प्रसारण नेपाल (पिएसबी) लाई स्वतन्त्र, व्यावसायिक र आर्थिक रूपमा आत्मनिर्भर बनाउनुपर्नेमा समेत जोड दिनुभयो । "रेडियो नेपाल र नेपाल टेलिभिजन मर्ज हुनु पिएसबी हुनु हो भन्नेमा ढुक्क नहोऔँ । जिम्मेवार, जवाफदेही, स्वतन्त्र र व्यावसायिक पिएसबी बनाउँछौँ भन्नेमा मेरो विश्वास छ", उहाँले भन्नुभयो।

सो समारोहमा मन्त्रालयका सचिवराधिका अर्यालले स्वपत्रकार रजकको परिवारको मागअनुसार न्यायका लागि मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो । स्व पत्रकार रजकको परिवारले उक्त घटनाको दोषी पत्ता लगाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग राख्नुभएको थियो।

सार्वजनिक प्रशारण सेवा नेपालका अध्यक्ष डा महेन्द्र विष्टले सार्वजनिक सेवा रूपान्तरणको क्रममा रहेको उल्लेख गर्दै यस सेवालाई सही तवरले परिभाषित गर्नुपर्नेमा जोड दिनुभयो। त्यसका लागि आवश्यक आधार तयार गर्नका लागि सबैको सहयोग आवश्यक रहेको उहाँको भनाइ छ।

नेपाल पत्रकार महासङ्घ नेपाल टेलिभिजन प्रतिष्ठान शाखाका अध्यक्ष सुरेन्द्र पौडेलले पिएसबीको मर्मअनुसार पूर्ण सञ्चालन र बजेटको सुनिश्चितताको माग गर्नुभयो। उहाँले बजेट सुनिश्चित नहुँदा नेपाल टेलिभिजनका पाँच वटै च्यानलको सञ्चालनमा कठिनाइ देखिएकातर्फ ध्यानाकर्षण गराउनुभयो।

नेपाल टेलिभिजनका पत्रकारद्वय हेम भण्डारी र सुनिल सिंहको स्मृतिमा स्थापित रु एक लाख राशिको हेम सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार २०६४ सालदेखि साहसिक पत्रकारिता गर्ने टेलिभिजन पत्रकारलाई प्रदान गरिँदै आएको छ। पुरस्कार हरेक वर्ष असोज ७ गते विशेष कार्यक्रमबीच प्रदान गरिँदै आएको छ।

विसं २०६३ असोज ७ गते समाचार सङ्कलनका क्रममा ताप्लेजुङको घुन्सामा हवाई दुर्घटनामा नेपाल टेलिभिजनका हेम भण्डारी र सुनिल सिंहको निधन भएको स्मृतिमा हरेक वर्ष महासङ्घ टेलिभिजन प्रतिष्ठान शाखाले पुरस्कार प्रदान गर्दै आएको छ।

**रेडियो नेपालको विरासत कायम राख्दै प्रतिस्पर्धामा खरो उत्रन सञ्चारमन्त्री खरेलको निर्देशन**

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले मंगलबार सार्वजनिक सेवा प्रसारणअन्तर्गत रेडियो नेपालको सिंहदरबारस्थित कार्यालयको निरीक्षण गर्नुभएको छ।

त्यसअवसरमा उहाँले परिवर्तनका लागि भएका विभिन्न आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको रेडियो नेपाललाई बदलिँदो समयअनुसार अरु सञ्चारमाध्यमसँग प्रतिस्पर्धामा ल्याउने गरी कार्ययोजना अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

मन्त्री खरेलले भन्नुभयो, "रेडियो नेपाल नेपाली आमसञ्चार माध्यमको इतिहास हो, जनताको जीवनसँग जोडिएको यो संस्था हाम्रो ऐतिहासिक धरोहर हो, गर्विलो वर्तमान पनि हो । त्यसैले भविष्यमा पनि निजी क्षेत्रका सञ्चारमाध्यमसँग प्रतिस्पर्धी बनाउन विभिन्न कार्यक्रममार्फत जनतालाई जोड्नुपर्छ।"

उहाँले सूचना प्रविधिको अधिकतम प्रयोग र सामाजिक सञ्जलसँग पनि जोडेर रेडियो नेपाललाई आधुनिक समाज सुहाउँदो बनाउन आग्रह गर्नुभयो। उहाँले रेडियोलाई आधुनिक विश्व र नयाँ पुस्तालाई सुहाउने नयाँ नेपालको साच्चिकै समावेशी आवाज बनाउने कुरामा आफ्नो सहयोग र समर्थन रहने विश्वास दिलाउनुभयो।

मन्त्री खरेलले नेपालको प्रसारण पत्रकारितामा पुरानो इतिहास र विरासत बोकेको रेडियो नेपालको समाचार तथा कार्यक्रम सुनेर आमनागरिकले सूचना लिने गरेको इतिहास स्मरण गर्नुभयो । उहाँले रेडियो नेपाल नयाँ नेपालको समावेशी आवाज भएकाले त्यसलाई कार्यान्वयन गर्न समाचार तथा कार्यक्रमका विषय थप समावेशी बनाउन पनि आग्रह गर्नुभयो।

त्यसअवसरमा मन्त्री खरेलले रेडियो नेपालको सङ्गीत स्टुडियो, प्रसारण स्टुडियो, समाचार कक्ष तथा नाट्य स्टुडियो र भदौ २४ गतेको प्रदर्शनबाट पुगेको क्षतिको समेत अवलोकन गर्नुभयो।

यसअघि नवनियुक्त मन्त्री खरेललाई सार्वजनिक सेवा प्रसारण नेपालका कार्यकारी अध्यक्ष डा महेन्द्र विष्टलगायत पदाधिकारीले रेडियो नेपालमा स्वागत गर्नुभएको थियो ।रासस

# अर्थमन्त्री खनालद्वारा सामान्य प्रशासन मन्त्रालयमा पदबहाली


काठमाण्डु । अर्थमन्त्री रामेश्वरप्रसाद खनालले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पदबहाली गर्नुभएको छ।

मन्त्रिपरिषद्को सोमबारको कार्यविभाजनअनुसार उहाँलाई सामान्य प्रशासन मन्त्रालयको पनि कार्यभार थप गरिएको छ। पदबहाली गर्दै मन्त्री खनालले मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन संरचनासम्बन्धी विषय मन्त्रिपरिषद् बैठकमा लैजाने फाइललाई सैद्धान्तिक सहमति दिने प्रस्ताव सदर गर्नुभएको मन्त्रालयका प्रवक्ता कालिप्रसाद पराजुलीले जानकारी दिनुभयो।

पदबहालीपछि मन्त्रालयका कर्मचारीलाई निर्देशन दिँदै उहाँले सेवा प्रवाहमा ध्यान दिन आग्रह गर्दै भ्रष्टाचार न्यूनीकरण 'जेनजी'को प्राथमिक माग भएकाले त्यसैअनुरुप काम गर्नुपर्नेमा जोड दिनुभयो। मन्त्री खनालले कर्मचारीको आत्मसम्मानका लागि आफूले काम गर्ने प्रतिबद्धता व्क्त गर्दै भ्रष्टाचार गर्ने कर्मचारीलाई भने कानुनअनुसार कारबाही गरिने स्पष्ट पार्नुभयो।रासस



# मन्त्री घिसिङसँग बेलायती राजदूतको शिष्टाचार भेट



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवम् शहरी विकासमन्त्री कुलमान घिसिङसँग नेपालस्थित संयुक्त अधिराज्य बेलायतका राजदूत रब फेनले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

ऊर्जा मन्त्रालयमा मंगलबार भएको भेटमा नवनियुक्त मन्त्री घिसिङलाई बेलायतका राजदूत फेनले बधाई दिनाका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो।

भेटमा नेपाल-बेलायतबीचको मित्रता, सहकार्य, ऊर्जा क्षेत्रमा बेलायतको सहयोग, पूर्वाधार क्षेत्रमा लगानीको सम्भावना, जलवायु परिवर्तनबाट सिर्जित समस्या न्यूनीकरणका उपायहरुका लागि आवश्यक सहयोगलगायतका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।

भेटमा मन्त्री घिसिङले जेनजी प्रदर्शनपछि गठन भएको सरकारको मुख्य प्राथमिकताका रुपमा क्षति भएका संरचनाको पुनर्निर्माण, आम चुनाव र सुशासन कायम गर्नु रहेको बताउनुभएको थियो।

त्यसैगरी उहाँले नेपालको आर्थिक विकासमा बेलायतले गरेको सहयोगको सराहना गर्दै नेपाललाई कार्बनरहित बनाउन विद्युतीय सवारीसाधनको प्रयोग बढाउन 'चार्जिङ स्टेसन' स्थापनाका लागि भइरहेको सहयोग प्रभावकारी रहेको बताउनुभएको थियो।

सो अवसरमा राजदूत फेनले बेलायत नेपालको पुरानो मित्र भएको र नेपालको सफलता तथा आर्थिक रुपान्तरणमा निरन्तर सहयोग रहने उल्लेख गर्नुभएको मन्त्री घिसिङको सचिवालयले जनाएको छ।रासस

# प्रधानमन्त्री कार्कीसँग निर्वाचन आयोगका पदाधिकारीको छलफल





काठमाण्डु । निर्वाचनको तयारीका विषयमा प्रधानमन्त्री सुशीला कार्कीसँग निर्वाचन आयोगका पदाधिकारीले मंगलबार छलफल गर्नुभएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा प्रतिनिधिसभाको विघटन भई आगामी फागुन २१ गतेका लागि निर्वाचन तोकिएको सन्दर्भमा सोका लागि आवश्यक कानुन संशोधन, निर्वाचन व्यवस्थापन र स्रोत परिचालनलगायत विषयमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका पदाधिकारीले छलफल गर्नुभएको हो। छलफलमा सहभागी कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले निर्वाचनको तयारी गर्नैपर्ने र तयारीका सम्बन्धमा कुनै अवरोधहरु छन्भने त्यसलाई पहिचान गरेर सम्बोधन गर्नुपर्ने विषयमा छलफल भएको जानकारी दिनुभयो।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले निर्वाचनका लागि प्रभावकारी समन्वय गर्न प्रारम्भिक कुराकानी भएको जनाउँदै पछि आउने चुनौतीका विषयमा नेपाल सरकारसँग निरन्तर छलफल हुने बताउनुभयो । निर्वाचनको कार्यभार पूर्ण रुपमा सम्पन्न गर्नुपर्नेमा सरकार र आयोग स्पष्ट रहेको बताउँदै उहाँले स्वच्छ, निष्पक्ष र स्वतन्त्र एवं मितव्ययी निर्वाचन गराउन आयोग प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो।

आयोगले तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न मतदाता नामावली ऐन, २०७३ मा संशोधनलगायत आवश्यक स्रोतसाधनको सुनिश्चितताका लागि नेपाल सरकारसँग आग्रह गर्दै आएको छ। हाल आगामी कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाताको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार २३० रहेका छन्।

यसअघि यही असोज २ गते आयोगले गृहमन्त्री ओमप्रकाश अर्यालसँग छलफल गरेको थियो। उपनिर्वाचनको मिति तोकिएको सन्दर्भमा गत असार १६ गतेदेखि मतदाता नामावली सङ्कलन स्थगन भएकाले मध्यावधि निर्वाचनको मिति घोषणा भइसकेपछि मतदाता नामावली सङ्कलन खुला गर्न कानुनी प्रबन्ध गर्नुपर्नेछ। उक्त ऐनको दफा ४ को उपदफा २ को सो व्यवस्था संशोधनका लागि अध्यादेशबाट कानुन संशोधन गर्न आयोग र सरकारबीच छलफल भएको हो।

गृहमन्त्री अर्यालले सर्वोच्च अदालतको आदेशबमोजिम विदेशमा रहेका नेपालीलाई पनि मताधिकार दिने उपायबारे सोच्न भनेपछि आयोगले त्यसका लागि कानुनी विज्ञसँग छलफल गरेको छ।गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शन र उत्पन्न परिस्थितिमा पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा गठित अन्तरिम सरकारले आगामी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गरिसकेको छ।रासस

गृहमन्त्री अर्यालले सर्वोच्च अदालतको आदेशबमोजिम विदेशमा रहेका नेपालीलाई पनि मताधिकार दिने उपायबारे सोच्न भनेपछि आयोगले त्यसका लागि कानुनी विज्ञसँग छलफल गरेको छ ।

# शिक्षामन्त्रीलाई मन्त्रालयका कामबारे 'ब्रिफिङ' : विज्ञान, प्रविधिमा जोड

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले मन्त्रालय र सम्बन्धित निकायका प्रमुखसँग मन्त्रालयका काम र आगामी प्राथमिकताका विषयमा 'ब्रिफिङ' लिनुभएको छ।

केशरमहलस्थित मन्त्रालयमा सोमबार कार्यभार सम्हाल्नुभएका मन्त्री पुनले मंगलबार सचिवद्वय चूडामणि पौडेल र विश्वबाबु पुडासैनीलगायत महाशाखा प्रमुख र मातहत निकायका कामबारे जानकारी लिनुभएको हो।

मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाका अनुसार उहाँले विज्ञान र प्रविधि क्षेत्रमा स्रोतसाधन वृद्धि गरी विद्यालयस्तरदेखि कम्प्युटर शिक्षालाई महत्त्व दिन निर्देशन दिनुभयो।मन्त्री पुनले पद बहालीका क्रममा विज्ञान र प्रविधि क्षेत्रमा मन्त्रालयलाई सुझाव दिन विभिन्न चारवटा सल्लाहकार समिति गठनको कार्यादेश समावेश गरिएको प्रस्तावलाई स्वीकृत गर्नुभएको थियो।



यसैबीच, मन्त्री पुनको इच्छाबमोजिम उहाँलाई मन्त्रालयमै आवासको प्रबन्ध गर्न मन्त्रालय प्रशासनले आवश्यक तयारी गरेको छ।

मन्त्री पुनले आफू जहाँ काम गर्यो, त्यहीँ बस्दै आएकाले सुत्ने खाट र भान्छा कोठाको व्यवस्था गर्न निर्देशन दिनुभएको थियो।रासस

# केही देश अझै किन प्यालेस्टाइनलाई छुट्टै राष्ट्र मान्दैनन्



बीबीसी

काठमाण्डु । यूके, क्यानडा र अस्ट्रेलियाले प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने औपचारिक घोषणा गरेका छन्। केही महिनाअघि फ्रान्सले पनि प्यालेस्टाइनलाई छुट्टै राष्ट्रको मान्यता दिने घोषणा गरेको थियो।

केही प्यालेस्टिनीहरूले त्यस्तो निर्णयले गाजामा जारी युद्ध अन्त्य गराउन सहयोग पुग्न सक्ने अपेक्षा व्यक्त गरेका छन् भने केहीले “इजरेलले प्यालेस्टिनीहरूलाई मारिरहेको“ भन्दै पश्चिमा देशहरू “त्यसप्रति मौन बसेको“मा आलोचनात्मक टिप्पणी गरेका छन्। हमासले तीन देशको निर्णय प्यालेस्टिनी जनताको अधिकारका लागि “महत्त्वपूर्ण कदम“ भएको बताएको छ।

इजरेलका प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले उक्त निर्णयले “आतङ्कलाई पुरस्कृत“ गरेको भन्दै यूके, क्यानडा र अस्ट्रेलियाको आलोचना गरेका छन्। सामाजिक सञ्जालमा प्रेषित भिडिओ सन्देशमा उनले प्यालेस्टिनी राज्य अस्तित्वमा नआउने आशय फेरि व्यक्त गरेका छन्। इजरेल प्यालेस्टाइनलाई राष्ट्रको मान्यता दिने पक्षमा छैन। वर्तमान इजरेली सरकारले वेस्ट ब्याङ्क र गाजामा प्यालेस्टाइन बनाउने कुराको विरोध गर्दै आएको छ। प्यालेस्टाइन राष्ट्र बनेमा त्यसले इजरेलको अस्तित्वमाथि खतरा उत्पन्न हुने उसको तर्क छ।

ब्रिटिश प्रधानमन्त्री किअर स्टार्मरले आफ्नो कदमबाट “शान्तिको सम्भावना जीवित राखेको“ भन्दै यूकेले इजरेली बन्धकहरूलाई फिर्ता गराउने आफ्नो प्रयास जारी राख्ने बताएका छन्। जी-सेभन राष्ट्रमध्ये फ्रान्स, यूके र क्यानडाले प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्र स्वीकार गर्न लागेका हुन्। त्यसबाहेक अस्ट्रेलिया, पोर्चुगल र न्यूजील्यान्डले पनि प्यालेस्टाइनलाई मान्यता दिने योजना बनाएका छन्।

संयुक्त राष्ट्रसङ्घको सदस्यता लिएका १९३ मध्ये अहिले १४० वटाभन्दा बढी देशले प्यालेस्टाइनलाई छुट्टै राष्ट्रको मान्यता दिएका छन्। तीमध्ये अरब समूहका सदस्य, इस्लामिक कोअपरेशन अर्गनाइजेशन र असंलग्न आन्दोलनका पक्षधर देशहरू छन्।नेपालले पनि प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्र मानेको छ। स्पेन, आयरल्यान्ड र नर्वेले मे २०२४ मा प्यालेस्टाइनलाई छुट्टै राष्ट्रको मान्यता दिए। त्यसअघि सोभियत गठबन्धनमा भएका केही युरोपेली राष्ट्रले सन् १९८८ प्यालेस्टाइनलाई मान्यता दिएका थिए।

अमेरिका, यूके र अस्ट्रेलियासहितका कैयौँ अन्य देशहरूले प्यालेस्टाइनलाई अलग राष्ट्रको मान्यता दिएका छैनन्। यद्यपि अस्ट्रेलियाले प्यालेस्टाइनलाई राष्ट्रको मान्यता दिन सकिने सङ्केत गरेको छागत वर्ष युरोपेली सङ्घको बैठकमा भेला भएका स्पेन, आयरल्यान्ड, माल्टा र स्लोभेनियाका नेताहरूले पनि प्यालेस्टाइनलाई सबै परिस्थिति सहज भएको अवस्थामा अलग राज्यको मान्यता दिनेबारे पहल गर्न सकिने बताएका थिए।

“यद्यपि यो प्रश्नकै विषय हो,“ युरोपियन काउन्सिल अन फरिन रिलेशन्सका एक वरिष्ठ नीति अनुसन्धाता ह्यू लोभाट भन्छन्।“अमेरिकाले राष्ट्रसङ्घमा सदस्यताको बाटो रोक्दा युरोपेली सदस्यहरूले प्यालेस्टाइनलाई द्विपक्षीय रूपमा भए पनि मान्यता देलान्?“ उनको प्रश्न छ। प्यालेस्टाइनलाई छुट्टै राष्ट्रको रूपमा मान्यता नदिने देशहरूले इजरेलसँग वार्ता र विवाद समाधान नभएकाले त्यसबारे निर्णय नगरेका हुन्।

“अमेरिकाले प्यालेस्टाइनलाई अलग राज्यको मान्यता दिनुपर्ने मौखिक प्रतिबद्धता जनाउने गरेको छ। तर उसले प्रत्यक्ष वार्ताबाट इजरेलसँगको विवाद टुङ्गो लगाउन जोड दिँदै आएको छ। यसको अर्थ प्यालेस्टाइनको स्वायत्ततामाथि इजरेलको पक्षमा भीटो हाबी हुने बाटो दिनु हो,“ लन्डन स्कूल अफ इकोनोमिक्सका मध्यपूर्वको राजनीतिबारेका प्राध्यापक फवाज गर्जस भन्छन्।

यी दुई पक्षबीच सन् १९९० को दशकमा शान्ति वार्ता सुरु भएको थियो। उक्त वार्ता दुई देशको मान्यताका आधारमा समाधान गर्नेतर्फ अघि बढेको थियो जसमा इजरेल र प्यालेस्टाइन भिन्न देशका रूपमा रहने भनिएको थियो।तर शान्ति प्रक्रिया निकै सुस्त भयो र सन् २००० को पहिलो दशकदेखि वार्ता हुने क्रम पातलियो।

> **ब्रिटिश प्रधानमन्त्री किअर स्टार्मरले आफ्नो कदमबाट “शान्तिको सम्भावना जीवित राखेको” भन्दै यूकेले इजरेली बन्धकहरूलाई फिर्ता गराउने आफ्नो प्रयास जारी राख्ने बताएका छन्।**

सन् २०१४ मा वाशिङ्टनमा इजरेल र प्यालेस्टाइनबीचको वार्ता विफल भयो। वार्तामा टुङ्गो लाग्न नसकेका विषयहरू दुई पक्षबीच तय हुन बाँकी सीमा, प्यालेस्टिनी राज्यको भविष्य, जेरुसलेमको अवस्था र इजरेल बन्ने क्रममा भएको युद्धका प्यालेस्टिनी शरणार्थीहरूको व्यवस्थापन सहितका विषय थिए। इजरेलले प्यालेस्टाइनले राष्ट्रसङ्घको सदस्यता लिन गरेका प्रयासहरूको कडा विरोध गर्ने गरेको छ।

इजरेलसँग नजिकको सम्बन्धमा रहेका देशहरू पनि प्यालेस्टाइनलाई राष्ट्रसङ्घको सदस्यता दिने पक्षमा उभिँदा इजरेल चिढिन्छ कि भनेर सचेत हुने गरेका छन्।इजरेलका समर्थकहरूले सन् १९९३ को मन्टुभिडिओ अभिसन्धिअनुसार अलग राज्य बन्नका लागि प्यालेस्टाइनको मापदण्ड नपुग्ने दाबी गर्दै आएका छन्।

उक्त अभिसन्धिअनुसार राष्ट्रको मान्यता पाउन स्थायी जनसङ्ख्या, निश्चित भूगोल, सरकार र अरू देशहरूसँग सम्बन्ध स्थापित गर्ने क्षमता आवश्यक हुन्छ।तर केहीले राष्ट्रको मान्यता पाउने परिभाषामा लचक हुनुपर्ने भन्दै कैयौँ देशहरूले मान्यता दिइसकेको कुरामा जोड दिने गरेका छन्। प्यालेस्टाइनले राष्ट्रसङ्घमा गैरसदस्य पर्यवेक्षक राष्ट्रको मान्यता पाएको छ।

यसअघि सन् २०११ मा प्यालेस्टाइनले राष्ट्रसङ्घको पूर्ण सदस्यताका लागि आवेदन दिएको थियो। तर सुरक्षा परिषद्मा आवश्यक समर्थन नपुगेपछि उक्त प्रस्ताव मतदानमै गएन।तर सन् २०१२ मा संयुक्त राष्ट्रसङ्घको महासभाले प्यालेस्टाइनलाई “गैरसदस्य पर्यवेक्षक राज्य” को मान्यता दियो। यस्तो मान्यता पाएको प्यालेस्टाइनले महासभाको छलफलमा भाग लिन पाउँछ तर कुनै पनि प्रस्तावमाथिको मतदानमा भाग लिन पाउँदैन।

उक्त निर्णयको वेस्ट ब्याङ्क र गाजा स्ट्रिपमा स्वागत भएको थियो। तर अमेरिका र इजरेलले त्यसको आलोचना गरेका थिए। राष्ट्रसङ्घमा पाएको मान्यतासँगै प्यालेस्टाइनले राष्ट्रसङ्घका अरू निकायहरूमा पनि सहभागी हुने अवसर पायो।सन् २०१५ मा प्यालेस्टाइनले राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्यता पायो।मे २०२४ मा राष्ट्रसङ्घीय महासभाले उक्त सङ्गठनभित्र प्यालेस्टाइनको अधिकार बढाउँदै चर्को बहसपछि उसलाई सदस्यको मान्यता दिन आग्रह गऱ्यो।

उक्त प्रस्तावका कारण प्यालेस्टाइनले बहसहरूमा सहभागी हुन, छलफलको विषयवस्तु प्रस्ताव गर्न र निर्वाचनमार्फत् समितिहरूमा आफ्ना प्रतिनिधि पठाउन पायो। तर मताधिकार भने पाएन। नयाँ सदस्यता दिने अधिकार राष्ट्रसङ्घीय सुरक्षा परिषद्सँग मात्रै छ।सुरक्षा परिषद्ले पारित गरेका प्रस्तावहरू कार्यान्वयन गर्नैपर्ने वैधानिक प्रावधान छ तर महासभाको प्रस्ताव बाध्यकारी हुँदैन।

“राष्ट्रसङ्घको पूर्ण सदस्यता पाएको अवस्थामा प्यालेस्टाइनले थप कूटनीतिक सहुलियत पाउन सक्छ। कतिपय प्रस्तावलाई सीधै पेस गर्न, महासभामा हुने मतदानमा भाग लिन र कालान्तरमा सुरक्षा परिषद्मा पनि रहने मौका पाउन सक्छ,” वाशिङ्टनस्थित मध्यपूर्व थिङ्क ट्याङ्कको प्यालेस्टाइन तथा प्यालेस्टाइन-इजरेल मामिलासम्बन्धी कार्यक्रमका निर्देशक खालिद एल्जिन्डी भन्छन्।“तर यी कुनै पनि अवस्थाले दुई राज्यको अवस्थाको समाधान दिँदैन। त्यो भनेको इजरेलले गरिरहेको अतिक्रमण अन्त्य गरेर मात्रै हुन सक्छ,” उनी भन्छन् । लन्डनस्थित स्कूल अफ ओरिएन्टल एन्ड अफ्रिकन स्टडिजका अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक गिल्बर्ट एच्कर पूर्ण सदस्य बने पनि प्यालेस्टिनी प्रशासनलाई खासै फाइदा नहुने ठान्छन्।“त्यो पूर्ण सदस्यता प्राप्ति साङ्केतिक विजय मात्रै हुन सक्छ। कल्पना गरिएको ’प्यालेस्टाइन राज्य’ को तुलनामा सन् १९६७ मा कब्जा गरिएको भूभागको सानो खण्डमा सीमित तथा पूर्ण रूपमा इजरेलमा निर्भर हुनुपर्ने शक्तिहीन ’प्यालेस्टाइन प्रशासन’को वास्तविकता,“ उनी भन्छन्।

“स्वतन्त्र र स्वशासित प्यालेस्टाइन राज्य निकै टाढाको कुरा हो।“ गत वर्ष राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा प्यालेस्टाइनलाई संयुक्त राष्ट्रसङ्घको पूर्ण सदस्यता दिने प्रस्तावमा मतदान भएको थियो। अमेरिकाले ’भीटो’ अर्थात् विशेषाधिकार प्रयोग गरेपछि उक्त प्रस्ताव विफल भयो।

तर अमेरिकाकै साझेदार राष्ट्रहरू फ्रान्स, जापान र दक्षिण कोरिया सहितका १२ देशहरूले प्रस्तावको पक्षमा मतदान गरेका थिए। यूके र स्विट्जरल्यान्डले मतदानमा भाग लिएका थिएनन्। प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले अमेरिकी भीटोलाई ‘अनैतिक’ भनेका थिए। यद्यपि इजरेलले अमेरिकी निर्णयको प्रशंसा गर्दै प्यालेस्टाइनलाई सदस्यता दिने प्रस्ताव लज्जास्पद भएको टिप्पणी गरेको थियो।

प्यालेस्टाइनले राष्ट्रसङ्घको पूर्ण सदस्यताका लागि आग्रह गरेको थियो। विभिन्न १५ राष्ट्र सदस्य रहेको सुरक्षा परिषद्मा अल्जेरियाले अघि सारेको सङ्कल्प प्रस्तावमा मतदान भएको थियो। उक्त प्रस्ताव पारित भएको भए राष्ट्रसङ्घको १९३ सदस्यीय महासभालाई प्यालेस्टाइनलाई सदस्यता दिन सिफारिस गरिन्थ्यो।

सुरक्षा परिषद्मा पाँच स्थायी सदस्यराष्ट्र छन् र ती पाँचवटै देशहरूले भीटो प्रयोग गर्न सक्छन्। यससँगै सुरक्षा परिषद्मा १० वटा अस्थायी राष्ट्रहरू सदस्य हुन्छन्। यदि सुरक्षा परिषद्ले यो प्रस्ताव पारित गरेको भए त्यसपछि महासभामा उक्त प्रस्तावमाथि पुनः मतदान हुने थियो।


महासभाको दुईतिहाइ बहुमतबाट समर्थन पाएको अवस्थामा प्यालेस्टाइनले राष्ट्रसङ्घको सदस्यता पाउने थियो। इजरेलको लामो समयदेखिको साझेदार अमेरिकाले प्यालेस्टाइनलाई राष्ट्रसङ्घको सदस्यता दिने कदममा सुरक्षा परिषद्मै भीटो प्रयोग गऱ्यो।सुरक्षा परिषद्का स्थायी सदस्यहरूले भीटो प्रयोग नगरेको अवस्थामा मात्रै त्यहाँबाट कुनै पनि प्रस्ताव पारित हुन सक्छ। अमेरिका, यूके, फ्रान्स, रुस र चीन यसका स्थायी सदस्य हुन्।

## अमेरिकी सांसदको चेतावनीः चीनसँग सैन्य ‘गलतफहमी’ को जोखिम

एएफपी

बेइजिङ । चीनका लागि अमेरिकी कङ्ग्रेस प्रतिनिधिमण्डलका नेताले मङ्गलबार दुई देशका सेनाबीच ‘ गलतफहमीको जोखिम’ बढ्दै गएको चेतावनी दिएका छन् । रक्षा प्रविधि तीव्र गतिमा अघि बढिरहेका कारण आपसी द्वन्द्वको सम्भावना उच्च रहेको उनले बताए ।

वासिङ्टनको सशस्त्र सेवा समितिका वरिष्ठ डेमोक्रेट एडम स्मिथले बेइजिङमा पत्रकारलाई चीनले विश्व शक्तिसँग ‘द्वन्द्व निवारणका लागि थप संवाद गर्नुपर्ने’ धारणा राख्नुभयो । “हाम्रा जहाज र विमान तिनीहरूको जहाज र विमानसँग धेरै नजिक आउँदैछन् । द्वन्द्व टार्न अझ राम्रो संवाद आवश्यक छ”, उहाँले अमेरिकी दूतावासमा भन्नुभयो ।



चार सदस्यीय प्रतिनिधिमण्डलमा डेमोक्रेट रो खन्ना र क्रिसी हौलहानसँगै रिपब्लिकन सांसद माइकल बाउमगार्टनर पनि हुनुहुन्छ । समूहले सोमबार चिनियाँ रक्षामन्त्री डोङ जुनसँग भेट गरी ‘मतभेदमार्फत काम गर्ने’ र संवाद बढाउने विषयमा छलफल गरेको थियो । डोङले आपसी सम्बन्धमा ‘विघटनकारी कारकहरू हटाउन’ आग्रह गर्नुभएको चीनको सिन्ह्वा एजेन्सीले जनाएको छ ।

मङ्गलबार अन्य सांसद र अमेरिकी राजदूत डेभिड पर्ड्युसँगै बोल्दै स्मिथले भन्नुभयो, “एआई, ड्रोन, साइबर र अन्तरिक्ष युद्ध तीव्र गतिमा विकसित भइरहेका छन् । क्षमताको गलत बुझाइको जोखिम ठूलो छ, त्यसैले स्पष्ट संवाद अत्यावश्यक छ ।”

### कर र टिकटक

द्विदलीय प्रतिनिधिमण्डल राष्ट्रपति सी जिनपिङ र डोनाल्ड ट्रम्पबीच फोनवार्ता भएको केही दिनपछि चीन पुगेको हो । ट्रम्पले आगामी महिनाको अन्त्यमा दक्षिण कोरियामा हुने एसिया-प्यासिफिक इकोनोमिक कोअपरेसन (एपेक) समिटमा सीसँग भेट्ने र अर्को वर्ष चीन भ्रमण गर्ने बताउनुभएको छ । सीले पनि कुनै समयमा अमेरिकाको भ्रमण गर्नुहुनेछ ।

यसअघि दुवै देशले एकअर्काविरुद्ध भन्सार शुल्क बढाउँदा आपूर्ति शृङ्खला प्रभावित भएको थियो । पछि वासिङ्टन र बेइजिङबीच सम्झौता भई अमेरिकी आयातमा ३० प्रतिशत र चीनले अमेरिकी सामानमा १० प्रतिशत भन्सार शुल्क घटाएका थिए । तर यो सम्झौता नोभेम्बरमा समाप्त हुनेछ । स्मिथ नेतृत्वको टोलीले सोमबार चिनियाँ उपप्रधानमन्त्री हे लिफेङसँग व्यापार वार्ता, फेन्टानिल, महत्त्वपूर्ण खनिज र टिकटकको भविष्यबारे छलफल गरेको थियो ।

ह्वाइट हाउसका अनुसार टिकटकको अमेरिकी संस्करणले एल्गोरिदमको घरेलु मोडेल प्रस्तुत गर्नेछ, जसले अमेरिकामा चिनियाँ स्वामित्वको प्लेटफर्म सञ्चालनको अवरोध हटाउन सक्छ । तर स्मिथले ‘यो मुद्दा अझै सतप्रतिशत समाधान भएको छैन’ भन्नुभएको छ ।प्रतिनिधिमण्डलले चीनको नेसनल पिपुल्स कङ्ग्रेसका अध्यक्ष झाओ लेजी र विदेशमन्त्री वाङ यीलाई समेत भेट्ने कार्यक्रम छ ।

## सिङ्गापुरको ढुवानी कम्पनीद्वारा श्रीलङ्काको एक अर्ब डलर क्षतिपूर्ति अस्वीकार

एएफपी

सिङ्गापुर । सिङ्गापुरस्थित ढुवानी कम्पनी एक्स-प्रेस फिडर्सले मङ्गलबार एएफपीसँगको अन्तर्वार्तामा श्रीलङ्काको सर्वोच्च अदालतले आदेश दिएको एक अर्ब अमेरिकी डलर क्षतिपूर्ति तिर्न अस्वीकार गर्ने जनाएको छ ।कम्पनीका प्रमुख कार्यकारी स्मुएल योस्कोभिट्जले क्षतिपूर्ति भुक्तानीले विश्वव्यापी ढुवानीमा गम्भीर असर पार्ने र ‘खतरनाक उदाहरण’ स्थापित गर्ने विश्वास व्यक्त गर्नुभयो ।

यो कम्पनीले सञ्चालन गरेको एमभी एक्स-प्रेस पर्ल जहाज सन् २०२१ जुनमा कोलम्बो नजिक आगलागीपछि डुबेको थियो । उक्त घटनामा नाइट्रिक एसिड चुहावट, खतरनाक सामान बोकेका ८१ कन्टेनर र सयौँ टन प्लास्टिक छर्राहरू समुद्रमा बगेका थिए । कतार र भारतले एसिड उतार्न अस्वीकार गरेपछि जहाज श्रीलङ्काको पानीमा प्रवेश गरेको थियो ।

टनौँ माइक्रोप्लास्टिकले श्रीलङ्काको पश्चिमी तटको ८० किलोमिटर क्षेत्रमा प्रदूषण फैलाएको थियो, जसका कारण महिनौँ माछा मार्न प्रतिबन्ध लगाइएको थियो । श्रीलङ्काको सर्वोच्च अदालतले जुलाईमा कम्पनीलाई एक वर्षभित्र ‘प्रारम्भिक’ एक अर्ब डलर क्षतिपूर्ति तिर्न आदेश दिँदै पहिलो किस्ता २५ करोड डलर मङ्गलबारसम्म बुझाउन भनिएको थियो । साथै भविष्यमा थप भुक्तानी गर्नुपर्ने आदेश पनि दिएको थियो ।

### ह्याङ्गिङ गिलोटिन

योस्कोभिट्जले अनिश्चित दायित्व अस्वीकार गर्दै भन्नुभयो, “समुद्री व्यापार दायित्वको सीमामा आधारित छ । यो निर्णयले त्यसलाई कमजोर पार्छ ।” उहाँले यसले भविष्यका घटनामा खतरनाक उदाहरण बन्ने दाबी गर्नुभयो ।

## ह्वाइट हाउसद्वारा मदुरोको वार्ता प्रस्ताव अस्वीकार



एएफपी

काराकास । ह्वाइट हाउसले सोमबार भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग वार्ता गर्न गरेको अनुरोध अस्वीकार गरेको छ । मदुरोले दुई कट्टर शत्रुबीच तनाव कम गर्न संवाद प्रस्ताव गर्नुभएको थियो ।

भेनेजुएलाका दुई प्रमुख विपक्षी नेताहरूले अमेरिकाको नौसैनिक तैनाथीलाई समर्थन गर्दै यसलाई लोकतन्त्र पुनःस्थापनाका लागि महत्त्वपूर्ण भनेका छन् । ट्रम्पले दक्षिणी क्यारिबियनमा लागुऔषध विरोधी कारबाहीका लागि आठ युद्धपोत र एउटा पनडुब्बी पठाउनुभएको छ । भेनेजुएलाले यसलाई सम्भावित आक्रमणको सङ्केतका रूपमा लिएको छ ।

अमेरिकी सेनाले हालै तीनवटा सन्दिग्ध लागुऔषध डुङ्गा नष्ट गरेको छ, जसमा एक दर्जनभन्दा बढीको मृत्यु भएको छ । भेनेजुएला सरकारले आइतबार मदुरोले ट्रम्पलाई पठाएको पत्र सार्वजनिक गरेको थियो । पत्रमा मदुरोले लागुऔषध कार्टेलसँग संलग्न भएको अमेरिकी आरोपलाई ‘पूर्णतया झुटो’ भन्दै अस्वीकार गर्नुभएको थियो र ट्रम्पलाई ‘ शान्ति कायम राख्न’ आग्रह गर्नुभएको थियो ।

तर ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटले पत्रमा ‘धेरै झुटहरू’ भएको बताउनुभयो । उहाँले अमेरिकाको नीति परिवर्तन नभएको र मदुरो शासनलाई अझै ‘अवैध’ मानिएको स्पष्ट पार्नुभयो ।यो तैनाथी क्यारिबियन क्षेत्रमा वर्षौंयताकै सबैभन्दा ठूलो हो । मदुरोले ट्रम्पलाई शासन परिवर्तन प्रयासको दोषारोप गर्दै यो पहिलो पत्र भए पनि थप पठाउने बताउनुभयो । उहाँले आफ्नो साप्ताहिक टेलिभिजन कार्यक्रममा ‘भेनेजुएलाको सत्यको रक्षा’ गर्ने सङ्कल्प व्यक्त गर्नुभयो । भेनेजुएलाका रक्षामन्त्री भ्लादिमिर पाद्रिनो लोपेजले अमेरिकामाथि ‘अघोषित युद्ध’ चलाएको आरोप लगाउँदै लागुऔषध डुङ्गामा सवारहरूलाई ‘रक्षाको अधिकार बिना मृत्युदण्ड दिइएको’ दाबी गर्नुभयो । नगद सङ्कटमा परेको भेनेजुएलामा हजारौँ नागरिक मिलिसियामा सामेल भइरहेका छन् । केही भेनेजुएलालीहरूले भने अमेरिकी कदमको स्वागत गर्दै मदुरोको पतन छिटो हुने अपेक्षा राखेका छन् । निर्वासित विपक्षी नेता एडमन्डो गोन्जालेज उरुटियाले सैन्य तैनाथीलाई ‘आपराधिक संरचना ध्वस्त पार्न आवश्यक’ भन्नुभयो ।

विपक्षी नेत्री मारिया कोरिना मचाडोले पनि यसलाई समर्थन गर्दै भेनेजुएलाका गिरोहहरू अमेरिकाको ‘सुरक्षा र स्थिरतामा बढ्दो खतरा’ भएको बताउनुभयो ।तर अर्का विपक्षी व्यक्तित्व हेनरिक क्याप्रिल्सले अमेरिकी हस्तक्षेपको विरोध गर्दै ‘समाधान सैन्य होइन, राजनीतिक हो’ भन्नुभयो । उहाँका अनुसार ट्रम्पका कदमहरूले उल्टै सत्तामा रहेकाहरूलाई बल पुऱ्याउने छन् ।

गत वर्ष मदुरोको विवादास्पद पुनःनिर्वाचनपछि हिंसात्मक प्रदर्शनमा दुई दर्जनभन्दा बढी मारिएका र सयौँ पक्राउ परेका थिए । विपक्षीहरूले नतिजाले मचाडोलाई प्रतिबन्ध लगाइएपछि उम्मेदवार बनेका गोन्जालेज उरुटियाले वास्तविक रूपमा जितेको दाबी गरेका छन् ।

## विवादास्पद यूनिफिकेशन चर्चकी प्रमुख पक्राउ, भूतपूर्व प्रथम महिलालाई घुस दिएको आरोप

बीबीसी

काठमाण्डु ।दक्षिण कोरियामा राजनीतिक र व्यापारिक फाइदा पाउन तात्कालिक प्रथम महिलालाई घुस दिएको आरोप लागेको विवादास्पद यूनिफिकेशन चर्चकी प्रमुख पक्राउ परेकी छन्।

हान हाक-जको नेतृत्वमा रहेको सो चर्चमाथि तात्कालिक राष्ट्रपति यून सुक यउलकी पत्नी किम गन हीलाई दुइटा महँगा ’शनेल’ ब्रान्डका ब्याग र एउटा हीराको हार दिएको आरोप लागेको छ। ती सामानको मूल्य ८ करोड वोन (५७,९०० अमेरिकी डलर, ८२ लाख नेपाली रुपैयाँ) पर्छ।

सो चर्चका संस्थापक सन म्यङ मूनकी ८२ वर्षीया पत्नी हानले घुस खुवाएको आरोप बारम्बार खण्डन गर्दै त्यसलाई “झुटो“ भन्दै आएकी छन्। सनको निधन भएपछि यूनिफिकेशन चर्च उनको नेतृत्वमा छ। उक्त चर्चले सम्बन्धित निकायसँग “सहकार्य गर्ने“ र “चर्चमाथिको विश्वास पुनः स्थापना गर्न यसलाई अवसर मानेर आफूले सक्दो प्रयास गर्ने“ मङ्गलवार जनाएको छ।

उक्त चर्चले “चिन्ता उत्पन्न भएकोमा“ सर्वसाधारण जनतासँग क्षमायाचना पनि गरेको छ। सरकारी अभियोजनकर्ताहरूले हानमाथि विभिन्न चार अभियोग लगाउँदै पक्राउपुर्जी जारी हुनुपर्ने माग गरेका थिए। ती अभियोगमा अनुचित सिफारिस, भ्रष्टाचार र व्यावसायिक हिनामिना पनि पर्छन्।हानले सोमवार अदालतमा



आफूलाई राजनीतिबारे रुचि र ज्ञान दुवै नभएको भन्दै ती अभियोगहरूको खण्डन गरिन्। उनको उमेर र बिग्रँदो स्वास्थ्यस्थितिको कुरा उठाउँदै उनका वकिलहरूले उनको पक्राउविरुद्ध आफ्नो तर्क पेस गरे।

हानमाथि सो चर्चका एक पूर्वकर्मचारीसँग मिलेर सन् २०२२ को राष्ट्रपतीय निर्वाचनको पूर्वसन्ध्यामा कन्जर्भेटिभ पार्टीका सांसद क्वन सङ डोङलाई १० करोड वोन दिएको आरोप पनि लागेको छ। त्यो रकम यून राष्ट्रपति बने भने चर्चको एउटा कार्यक्रममा उनलाई सहभागी हुन तयार पार्न दिन खोजिएको बताइएको छ। उक्त निर्वाचनमा यून राष्ट्रपति निर्वाचित भए पनि।

क्वन तात्कालिक राष्ट्रपति यूनका विश्वासपात्र थिए। उनी गत साता बुधवार पक्राउ परे। यद्यपि उनले घुस लिएको आरोप अस्वीकार गरेका छन्। यूनिफिकेशन चर्चको औपचारिक नाम ’द फ्यामिली फेडरेशन फर वर्ल्ड पीस एन्ड यूनिफिकेशन’ हो।

आफू ’मसिहा’ अर्थात् वा मुक्तिदाता भएको दाबी गर्दै मून सन-म्यङले सन् १९५० को दशकमा दक्षिण कोरियामा उक्त चर्च स्थापना गरेका थिए।उक्त चर्चले सामूहिक विवाह गराउँदै आएको छ। चर्चले आयोजना गर्ने सामूहिक समारोहमा सहभागी हजारौँ जोडीले एकैपटक बिहे गर्छन्। तीमध्ये केहीको जोडी उक्त चर्चमार्फत् मिलेको हुन्छ।केही आलोचकहरू उक्त चर्चका अनुयायीहरूको समूह “छुट्टै सम्प्रदायजस्तो“ बनेको ठान्छन्।

वकिलहरूले उक्त चर्चले आफ्ना अनुयायीहरूलाई ठूलो मात्रामा दान दिन बाध्य पारेको आरोप लगाएका छन्। उक्त चर्चका संस्थापक मूनको नामबाट उनीहरूलाई बोलीचालीको भाषामा “मूनी“ पनि भनिन्छ। जापानमा पूर्वप्रधानमन्त्री शिन्जे आबेको हत्या भएपछि त्यहाँ यूनिफिकेशन चर्चबारे चर्चा चुलिएको थियो। सन्दिग्ध हत्याराले उक्त सम्प्रदायका कारण आफ्नो परिवार टाट पल्टिएको र आबेले यूनिफिकेशन चर्चको “प्रवर्धन“ गरेकाले आफू उनीसँग रुष्ट भएको दाबी गरेका थिए।

विश्वका विभिन्न देशमा उक्त समूहमाथि प्रतिबन्ध लागेको छ। जापानमा त्यसलाई विघटन गर्न आदेश दिइएको छ।

यूनिफिकेशन चर्च नेपालमा सन् १९७५ देखि सक्रिय भएको बताइन्छ। उक्त चर्चका नेता मूनले सन् २००५ मा नेपालको भ्रमण गरेका थिए।सो चर्चले नेपालमा आयोजना गरेका सार्वजनिक कार्यक्रमहरूमा विभिन्न राजनीतिक दलका नेताहरू पनि सहभागी हुँदै आएका छन्। किम र क्वनसँग सम्बन्धित आरोपहरूबारे टिप्पणी गर्दै यूनिफिकेशन चर्चले आफ्ना भूतपूर्व कर्मचारीतिर औँला तेर्स्याएको छ। उपहार दिने काम ती व्यक्ति एक्लैले गरेको उसको तर्क छ।

ती व्यक्ति पनि पक्राउ परेका छन्।गत महिना भूतपूर्व प्रथम महिला किममाथि विभिन्न अभियोगमा मुद्दा दायर भइसकेको छ। त्यस्ता अभियोगमा घुसखोरी र धितोपत्र बजारमा हिनामिना पनि संलग्न छन्। यद्यपि उनले आफूमाथि लागेका आरोपको खण्डन गरेकी छन्।उनीविरुद्धको मुद्दामा यो साता सुनुवाइ सुरु भयो ।

# बेनीमा कपडा बैङ्क सञ्चालन

म्याग्दी । म्याग्दीको बेनी नगरपालिका-७ को कार्यालयमा कपडा बैङ्क स्थापना भएको छ । घरमा प्रयोग नभएका लत्ताकपडा सङ्कलन गरी खरिद गर्न नसक्ने गरिब विपन्नलाई निःशुल्क उपलब्ध गराउने उद्देश्यले कपडा बैङ्क स्थापना गरिएको हो ।

बैङ्कबाट गरिब तथा अतिविपन्न परिवार, प्राकृतिक विपत्तिमा परेका, बेवारिसे अवस्थामा भेटिएकालाई दसैं, तिहारलगायत चाडपर्वको समयमा कपडा उपलब्ध गराउने बेनी नगरपालिका-७ का वडा सदस्य विश्वास श्रेष्ठले



बताउनुभयो ।

लायन्स र लियो क्लब अफ बेनी लभ्लिहिलका प्रतिनिधिहरुले सोमबार बेनीमा घरदैलो गरेर बैङ्कका लागि आवश्यक पर्ने कपडा सङ्कलन गरेर वडा कार्यालयलाई उपलब्ध गराएका छन् । पहिलो दिन दुईवटा बोलेरो गाडीमा अटाउने कपडा सङ्कलन भएको लायन्स क्लब अफ बेनी लभ्लिहिलका अध्यक्ष ओमप्रकाश शर्माले बताउनुभयो ।

"घरदैलोका क्रममा बजारवासीहरुले प्रयोगमा नभएका लगाउन योग्य तथा फेन्सी व्यवसायीहरुले नयाँ कपडा पनि उपलब्ध गराउनुभएको छ," उहाँले भन्नुभयो, "चाडपर्वको समयमा गरिब विपन्नलाई न्यास्रो नहोस् भनेर थप कपडा जुटाएर एक/दुई दिनमा वितरण गर्छौं ।"

आवश्यक पर्नेले वडा कार्यालयमा आएर आफूखुसी रोजेर लुगा लैजान पाउनेछन् । वडामा लैजानेको विवरण राखिए पनि गोप्य हुन्छ । म्याग्दी जिल्लाभित्र तथा आवश्यक परेमा बाहिरी जिल्लाका असहाय, अशक्त तथा अर्थावस्था न्यून भएका व्यक्तिलाई मौसमअनुसार कपडा उपलब्ध गराउने वडा कार्यालयले जनाएको छ ।

प्रयोग गरिसकेको वा प्रयोगविहीन अवस्थामा रहे पनि सफा र प्रयोग गर्न मिल्ने कपडा बजारवासीले उपलब्ध गराएका छन् । जाडो मौसम नजिकिँदै गर्दा विपन्न समुदायका मानिसले न्यानो कपडा अभावमा कष्ट व्यहोर्नु नपरोस् भन्ने उद्देश्य पनि कपडा बैङ्क स्थापना गर्नु रहेको छ ।रासस

# झोला उद्योगबाट रोजगारी

भद्रपुर । बुद्धशान्ति गाउँपालिका-३ प्रगतिटोल पुग्दा एउटा महिलाको सङ्घर्ष र सफलताले भरिएको कथा भेटिन्छ । नम्र स्वभाव, अनी आत्मविश्वासले भरि पूर्ण अनुहार । आफ्नै घरको भुइँतलामा चलिरहेको सानो तर व्यस्त कार्यशालामा कपडाको थुप्रो, रङ्गीचङ्गी धागा, काट्न प्रयोग गरिने कैची र सिलाइ मेसिनको निरन्तर आवाजले उद्योगको जीवन्तता झल्काउँछ । यही ठाउँ हो- शीतला झोला उद्योग, जसको नाम अहिले बुद्धशान्तिमात्र होइन, कोशी प्रदेशका विभिन्न जिल्लासम्म परिचित भइसकेको छ ।

यस उद्योगकी सञ्चालक हुनुहुन्छ तारादेवी अधिकारी । उहाँ सामान्य गृहिणीमात्र नभएर, सङ्घर्ष र सीपलाई आधार बनाउँदै आत्मनिर्भर बन्न खोज्ने अनि अरु महिलालाई पनि त्यसै मार्गमा डोहोर्याउने उद्यमी हुनुहुन्छ । आजभन्दा करिब १२ वर्षअघि तारादेवीले घरेलु तथा साना उद्योगको समन्वयमा सिलाइकटाइ तालिम लिनुभएको थियो । तालिमपश्चात आफ्नै मेसिन नभएकाले उहाँले केही वर्ष मेसिन भाडामा लिएर कपडा सिलाउने काम गर्नुभयो । त्यही क्रममा एक दिन उहाँले उत्सुकतावश सिलाइको कपडाबाट बाँकी रहेको कपडाबाट तीनवटा सामान्य सुर्की झोला बनाएर आफ्नै पसलमा राख्नुभयो । ती झोला तुरुन्तै बिक्री भए । निरन्तर एक सातासम्म तारादेवीले दिनमा तीन-चारवटा झोला बनाएर पसलमा राख्दा पनि माग बढ्दै गयो । यही सफलताले उहाँलाई झोला उत्पादनलाई उद्यमका रूपमा अगाडि बढाउने प्रेरणा दिएको तारादेवी स्मरण गर्नुहुन्छ ।

त्यसपछि २०७६ सालदेखि स्थानीयमा उपलब्ध हुने कच्चा पदार्थ ढाका, अल्लोलगायतबाट झोला बनाउन तारादेवीले उद्योग खोल्नुभयो । हाल उहाँले सञ्चालन गर्दै आएको उद्योगबाट विभिन्न आकार, प्रकार र डिजाइनका झोला उत्पादन हुने गरेका छन् । मूल्य दायरा रु ५० देखि रु तीन हजार ५०० सम्मको छ । सस्तो मूल्यका झोलादेखि उच्च गुणस्तरका डिजाइनर झोलासम्म यहाँ उपलब्ध हुन्छन् । झोलाका लागि चाहिने कच्चा पदार्थ काठमाडौं, भारतको सिलुगुडीबाट आउने गरेको तारादेवी बताउनुहुन्छ ।





उद्योगमा अहिले १८ महिलाले नियमित रोजगार पाउनुभएको छ भने थप १५ जना आंशिक रूपमा संलग्न हुनुहुन्छ । उहाँहरू आ-आफ्नो घरधन्दा सकेर दिउँसो केही घण्टा उद्योगमा काम गर्न आउनुहुन्छ । दक्षताका आधारमा महिलाले मासिक रु २० हजारदेखि रु ३० हजारसम्म कमाइ गर्ने गरेका छन् । यसरी घरपरिवार चलाउनेमात्र होइन, आफ्नै श्रमबाट आर्थिक रूपमा सशक्त बन्न पाउँदा उहाँहरूले गर्व र खुसी अनुभव गर्ने गरेको तारादेवी बताउनुहुन्छ ।

शीतला झोला उद्योगको उत्पादन अहिले झापा जिल्लामै सीमित छैन । कोशी प्रदेशका अधिकांश पहाडी जिल्लामा मात्र होइन, सुदूरपश्चिमको कञ्चनपुरसम्म झोलाको माग पुग्छ । भीमदत्त नगरपालिकाबाट नगरसभाका सदस्यहरूलाई वितरण गर्नका लागि गत असारमा मात्र एक सय १० झोलाको माग आएको थियो, जुन तारादेवीले चार दिनभित्र तयार गरेर पठाउनुभयो । कोभिड-१९ का कारण देशभर बन्दाबन्दी भयो त्यही समयमा आफ्नो झोला उद्योगले राम्रो बजार पाएको तारादेवी बताउनुहुन्छ ।

यसका अतिरिक्त उद्योगका झोला बुद्धशान्ति गाउँपालिकाले आफ्ना सामुदायिक विद्यालयका विद्यार्थीलाई वितरण गरेको छ । त्यसबाहेक सङ्खुवासभाको खाँदबारी, इलाम, पाँचथर, ताप्लेजुङ, भोजपुरलगायत जिल्लामा पनि झोला पुग्ने गरेको छ । झोला उत्पादनमात्र नभई तारादेवी तालिम दिने काममा पनि सक्रिय हुनुहुन्छ । स्थानीय तह, सामुदायिक संस्थाले माग गरेअनुसार उहाँले महिलालाई झोला सिलाइ तालिम दिनुहुन्छ । यसरी तालिम पाएका महिलाले पनि आफ्नै क्षेत्रमा सानो स्तरमा भए पनि झोला उत्पादन सुरु गर्ने अवसर पाएका छन्

"तालिमले महिलालाई सीप दिन्छ, सीपले आत्मबल बढाउँछ, आत्मबलले रोजगारी र आयआर्जन ल्याउँछ", तारादेवीले भन्नुभयो । उहाँले झोला उत्पादन सुरु गर्नुभएको केही वर्षमै यसैबाट भएको नाफाले बुद्धशान्ति-३ प्रगतीटोलमै जग्गा किन्नुभयो र तीनतले घर पनि निर्माण गर्नुभयो । हाल उद्योग सोही घरको भुइँतलामा सञ्चालन भइरहेको छ । उद्योगबाट खर्च कटाएर वार्षिक करिब रु १५ लाख नाफा हुने गरेको उहाँले बताउनुभयो ।

यतिमात्र होइन, आफ्ना उत्पादनलाई बजारसम्म पुर्याउन तारादेवीले नयाँ पुस्ताले प्रयोग गर्ने प्रविधि आत्मसात् गर्ने गर्नुभएको छ । फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालका साथै स्थानीय मेला हाटबजारमार्फत प्रचारप्रसार गर्दै उहाँले बजार विस्तार गरिरहनुभएको छ । शीतला झोला उद्योग केवल एक व्यावसायिक उपक्रममात्र होइन, यो महिलालाई आत्मनिर्भर र सशक्त बनाउन बनाइएको एक खम्बा हो । यहाँ काम गर्ने महिलाले आफ्नो परिवार चलाउनमात्र होइन, समाजमा आर्थिक रूपमा योगदान गर्न पाउँछन् । धेरै महिलाले उद्योगबाट कमाएको पैसाले छोराछोरीको शिक्षा, स्वास्थ्य र घरधन्दा चलाइरहेका तारादेवी बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "मलाई सबैभन्दा ठूलो सन्तुष्टि महिलालाई सीप सिकाएकामा छ, आत्मबल दिएको छ, आम्दानीको बाटो देखाएको छ ।" तारादेवीको योजना अझ ठूलो छ । आगामी दिनमा देशका विभिन्न स्थानमा तालिम सञ्चालन गर्दै महिलालाई रोजगारी सृजना गर्ने वातावरण बनाउन उहाँ चाहनुहुन्छ । साथै, उत्पादनलाई अझ गुणस्तरीय र आकर्षक बनाउन नयाँ प्रविधि र डिजाइनमा लगानी गर्ने तयारी पनि छ ।

तारादेवीको कथा केवल व्यक्तिगत सफलताको कथा होइन । यो कथा हो- सङ्घर्षबाट उद्यमिता जन्मिन सक्ने, सीपलाई प्रयोग गरेर समाज परिवर्तन गर्न सक्ने र महिलाले पनि ठूलो योगदान दिन सक्ने प्रमाण । झापाको एउटा सानो गाउँबाट सुरु भएको उहाँको यात्रा आज महिलाको आत्मनिर्भरता, श्रमको सम्मान र सफलताको प्रतीक बनेको छ । तारादेवीको दृढता र लगनशीलताले देखाएको बाटो अरू महिलाका लागि प्रेरणादायी बन्न पुगेको छ ।रासस

# 'रङ्गीन सपनाले सजिएको वाटरपार्क'





जानकी । बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-१ मा अवस्थित वाटरपार्क दसैं नजिकिँदै गर्दा एक विशेष रङमा रङ्गिएको छ । पानीका फोहरा, झिलीमिली बत्ती, रङ्गीचङ्गी फूल र आकर्षक सजावटले अहिले वाटरपार्क साँच्चिकै दुलही झैं देखिन्छ । तर, यो झिलीमिली सजावट कुनै व्यावसायिक कम्पनीले गरेको हो, न त समाजका अगुवाहरुले नै गरेका हुन् ।

यो त आफ्नै श्रम, लगानी र सपनाले भरिएका १० जना युवाको साझा प्रयास हो, जसको उद्देश्य मात्र पर्यटक तान्नु होइन, आफ्नो भविष्य सुरक्षित गर्नु पनि हो । ती युवाहरू फोटोग्राफर हुन्, जसले क्यामेराको माध्यमबाट आम्दानीसँगै आत्मसम्मान र स्वदेश प्रेम कमाइरहेका छन् । यी सबै युवाहरू वाटरपार्कमा बोटिङ गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको फोटो र भिडियो खिच्ने गर्छन् । उनीहरूको आम्दानी सोही फोटो तथा भिडियो सेवाबाट हुन्छ ।

चाडपर्वको समयमा बढी पर्यटक आउँछन् भन्ने विश्वासले उनीहरूले आफ्नै खर्चमा वाटरपार्कलाई सजाएका हुन् । उनीहरूको बुझाइमा सजावटले पर्यटक तान्छ, पर्यटकले खुसी अनुभव गर्छन्, रमाइलो गर्छन् र त्यसबाट फोटो खिचाउने इच्छाशक्ति बढ्छ । अनि त्यही बाटो हुँदै उनीहरूको आम्दानी बढ्छ । सजावट, कमाई र भविष्यबीच उनीहरूले स्पष्ट सम्बन्ध देखेका छन् ।

जाजरकोटका कुशेगाउँपालिका-७ का २३ वर्षीय दिनेशसिंह ठकुरी भन्नुहुन्छ, "हामीले पर्यटकलाई खुसी पार्न, रमाइलो दिन र आफ्नो रोजगारी सुरक्षित गर्न वाटरपार्कलाई दुलही जस्तै सजाएका हौं ।" दिनेशले आठ महिनादेखि फोटोग्राफी गर्दै आउनुभएको छ । प्लस टूको पढाइ सकेपछि उहाँले वैदेशिक रोजगारीको विकल्पमा स्वदेशमा नै सीपमार्फत आत्मनिर्भर हुने बाटो रोज्नुभयो । दिनेशको दैनिक आम्दानी सामान्य अवस्थामा सात-आठ सय रुपैयाँ रहन्छ भने चाडपर्वको समयमा हजारदेखि १२ सय रुपैयाँसम्म पुग्ने गरेको छ । "म यो काम केवल पैसा कमाउनका लागि गर्दिनँ, म आफ्नो आत्मसम्मानका लागि गर्छु । विदेश जानुभन्दा आफ्नै देशमै केही गर्नु आवश्यक छ भन्ने सोचले मलाई यहाँ ल्याएको हो," उहाँले भन्नुभयो ।

त्यस्तै बाँकेको खजुरा गाउँपालिका-७, गुन्हानाका २३ वर्षीय मुजम्मिल खान पनि एक वर्षदेखि फोटोग्राफी गर्दै आइरहनुभएको छ । सुरुमा मोबाइलबाट फोटो खिच्ने मुजम्मिल अहिले क्यामेरा चलाउने भइसक्नुभएको छ । उहाँ भन्नुहुन्छ, "हामीले वातावरण राम्रो बनायौं भने फोटो राम्रो आउँछ, फोटो राम्रो आयो भने पर्यटक खुसी हुन्छन्, अनि पर्यटक खुसी भए भने हामीले काम पाउँछौं । त्यसैले हामीले यो सजावट गरेका हौं ।"

मुजम्मिलको आम्दानी पनि दिनेशको जस्तै दिनमा आठदेखि नौ सय रुपैयाँसम्म हुने गरेको छ । चाडपर्व र केही विशेष अवसरमा भने त्यो रकम हजारदेखि १२ सय रुपैयाँसम्म पुग्ने गरेको छ । उहाँका लागि यो आम्दानीले परिवार धान्न र भविष्य निर्माण गर्न ठूलो टेवा दिएको छ । "घरमा आमा, बुबा, दुई बहिनी छन् । मैले कमाएको पैसाले घरको खर्च, बहिनीको पढाइ, आमाको उपचार, सबै चलेको छ," उहाँले भन्नुभयो, "काम गर्दा सम्मान पाइन्छ । यहाँ घुम्न आउने पर्यटकले फोटो खिचिदिएबापत पैसा मात्र दिँदैनन्, धन्यवाद दिन्छन् र रमाउँछन् पनि । त्यो नै सबैभन्दा ठूलो सन्तुष्टि हो ।"

त्यसैगरी, जुम्लाको गुठीचौर गाउँपालिका-४, खललावडाका २४ वर्षीय सर्जन नेपालीले भने दुई वर्षदेखि क्यामेरा चलाउँदै आइरहनुभएको छ । सुरुमा उहाँले फोटो खिचेर पैसा कमाउन सकिन्छ भन्ने कल्पना पनि गर्नुभएको थिएन । तर, जब उहाँले पहिलो दिन तीन सय रुपैयाँ कमाउनु भयो त्यस दिन उहाँ खुसीले रुँदै भाडामा बसेको कोठामा पुगेको बताउनुभयो ।

"फोटो खिचेर पनि पैसा कमाइन्छ भन्ने मैले सोचेकै थिएन । जुन दिन मैले पहिलोपटक तीन सय कमाएँ, त्यो दिन मेरो जीवनको सबैभन्दा ठूलो उपलब्धि जस्तो लाग्यो । त्यो तीन सय रुपैयाँ समातेर म खुसीले रुँदै कोठामा पुगेको छु," उहाँले सम्झँदै भन्नुभयो, "दोस्रो दिनको मेरो कमाई हजार रुपैयाँ भयो र त्यही दिन मैले निर्णय गरेँ, विदेश जानु पर्दैन । अब देशमै केही गर्न सकिन्छ ।"

अहिले सर्जनको कमाई मासिक तीस भन्दामाथि नै हुने गरेको छ । "त्यो पैसाले कोठा भाडा, खाना खर्च, कपडा, फोन खर्च, अनि घरमा आमालाई पैसा पठाउने काम सबै गरेको छु," उहाँ भन्नुहुन्छ, "यस्ले मलाई आत्मनिर्भर बनाएको छ ।"

नेपालगञ्ज बाँके-२, पुरैनाका २१ वर्षीय विजय मिश्र पनि एक वर्षदेखि फोटोग्राफीमा सक्रिय हुनुहुन्छ । पाँच जनाको परिवार, प्लस टू सकेर पढाइ छोड्नु परेको अवस्था, आर्थिक अभावले उनलाई धेरै चाँडै जीवनसँग जुध्न सिकायो । जब उहाँले क्यामेरा चलाउन सुरु गर्नुभयो, तब उहाँलाई लाग्यो, जीवन फेरि पनि नयाँ ढङ्गले सुरु गर्न सकिन्छ । "सुरुमा लाज लाग्थ्यो, तर आज म यो कामप्रति गर्व गर्छु," विजय भन्नुहुन्छ, "हाल मेरो दैनिक आम्दानी नौ सयदेखि एक हजारसम्म पुग्ने गर्छ । यसले नै मेरो सबै घर खर्च र दैनिकी चलेको छ ।" पढाइ रोकिए पनि सपना नरोकिएको विजय बताउनुहुन्छ । "म अनलाइनबाट फोटोग्राफीसम्बन्धी कोर्स गर्दैछु । म चाहन्छु, एकदिन मेरो फोटोले देशको कथा सुनाओस् ।"

यी चार जना युवा मात्र होइन, वाटरपार्कमा कार्यरत १० जना फोटोग्राफर देशमै बसेर आत्मनिर्भर बन्ने उद्देश्यमा केन्द्रित छन् । उनीहरूलाई पर्यटन र फोटोग्राफीको संयोजनले नेपालभित्रै भविष्य देख्न सकिन्छ भन्ने लागेको छ । उनीहरू भन्छन्, "पर्यटकलाई सेवा दिँदा, हाँसीखुसी फोटो खिच्दा, रमाइला क्षण टिप्दा, हामी पैसा मात्र होइन, आत्मसम्मान कमाइरहेका हुन्छौं ।" सजावटमा उनीहरूले प्रयोग गरेका फूल, बत्ती, रङ किन्न उनीहरूले आफ्नै आम्दानी प्रयोग गरेका हुन् । "कोही कम्पनीले सहयोग गरेको होइन । कुनै समाजका अगुवाहरुले यो सजाएका हैनन् । हामीले बेलुकी काम सकेर, पसलहरूमा पुगेर लाइट, सजावट सामग्री किनेका हौं," दिनेशले भन्नुभयो ।

यसरी उनीहरूले वाटरपार्कको सौन्दर्यमा आफ्नो पसिना मिसाएका छन् । पर्यटकको सङ्ख्याले उनीहरूको मेहनतको मूल्याङ्कन गर्छ-जति बढी पर्यटक, उति बढी सम्भावना । नेपालका कैयौं युवाहरु विदेश जान लाइनमा छन् । तर नेपालगञ्जमा नै भविष्य देखेका यी युवाहरूले भने आम्दानीको बाटो वाटरपार्क र नेपालगञ्जमा रहेका अन्य पर्यटकीय स्थललाई रोजेका छन् ।

उनीहरूको बाटो भने पक्कै सजिलो छैन । गर्मीमा घाम, जाडोमा शीत, अनि वर्षामा खाल्डाखुल्डी र चिप्लो बाटो । तर, यी सबै कठिनाइहरूमाथि उनीहरूको जोस भारी छ । "जब एक जना पर्यटकले भन्छ, 'वाह, धेरै राम्रो फोटो आएको छ,' तब हामी सबै दुःख बिर्सन्छौं," मुस्कुराउँदै मुजम्मिलले भन्नुभयो । यी युवाहरूलाई हेर्दा लाग्छ–देशमा केही गर्न सकिन्छ भन्ने भनाइ केवल नारा होइन, व्यवहारमा उतार्न सकिने सत्य पनि हो ।

उनीहरूले प्रमाणित गरेका छन्, कि वैदेशिक रोजगारी नै एक मात्र विकल्प होइन । सीप, प्रतिबद्धता र स्वदेश प्रेमले पनि मानिसलाई आत्मनिर्भर बनाउँछ । "हामी पैसा कमाइरहेका छौं, तर त्यो पैसासँगै हामीले हाम्रो आत्मसम्मान पनि कमाइरहेका छौं । रासस

# "श्रीकृष्णको गाईको खुर" हेर्न आउँछन् पर्यटक

झापा । इलामसँग सिमाना जोडिएको झापाको कृष्णथुम्कीमा पर्यटकीय आकर्षण बढेको छ । महाभारतकालीन पौराणिक कथनअनुसार द्वापरयुगमा पाँच पाण्डव गुप्तबास बसेका बेला भगवान् श्रीकृष्ण गाई चराउँदै कृष्णथुम्कीमा पुग्नुभएको थियो ।

मेचीनगर नगरपालिका-१ मा रहेको पाँच वटा थुम्कीमध्ये मुख्य डाँडो 'कृष्णथुम्की' हो ।

जहाँ श्रीकृष्णका गाईहरूको खुरको शिला अहिले पनि मन्दिरमा राखिएको जनविश्वास छ । खुरको दर्शन गर्न बर्सेनि हजारौं भक्तजन यहाँ आउने गरेका कृष्णथुम्की विकास समितिका अध्यक्ष हिम्मत क्षेत्रीले बताउनुभयो ।

पौराणिक कथाअनुसार अरु पाँच वटा थुम्की पाँच पाण्डवको प्रतीकका रूपमा रहेका छन् । मेची र सिद्धी नदीको सङ्गम नजिक रमणीय प्राकृतिक वातावरणमा कृष्णथुम्की अवस्थित छ । हिन्दू, किरात र बौद्ध धर्मावलम्बीको आ-आफ्नो आस्थाअनुसारको मठमन्दिर निर्माण गरिएकाले पछिल्लो समय कृष्णथुम्की सबै धर्मावलम्बीको साझा तीर्थस्थल बन्न पुगेको छ ।



पूर्वीनाका काँकडभिट्टाबाट १७ किलोमिटर उत्तर पहाडको फेदीमा रहेको उक्त रमणीय धार्मिकस्थलमा पूजाआजाका लागि भक्तजन र अवलोकनका लागि पर्यटक आउन थालेपछि यो स्थान पर्यटकीयस्थलका रूपमा परिचित बन्दै गएको समितिका अध्यक्ष क्षेत्रीले बताउनुभयो । उहाँका अनुसार सरकारले पर्यटकीय प्रवर्द्धनका लागि स्थानीयलाई समेटेर विकास समिति गठन गरेको छ ।

दसैं, श्रीकृष्ण जन्माष्टमी, बुद्धपूर्णिमा र उधौली उभौली पर्वमा यहाँ धार्मिक पर्यटकको आगमन अत्यधिक हुने जनाउँदै उहाँले अरुबेला पनि देशविदेशबाट पर्यटक आइरहने बताउनुभयो । पर्यटकीय चहलपहल बढेपछि तीनै तहका सरकारले कृष्णथुम्कीको विकासमा लगानी बढाएका छन् । हाल कृष्णथुम्की पुग्ने सडक कालोपत्र गरिएको छ भने यहाँका मठ मन्दिर, गुम्बा र साकेला थान पुनःनिर्माण गरेर चिटिक्क सजाइएका छन् ।

"सडक स्तरोन्नति भएसँगै सिटी रिक्सा, टेम्पोलगायत साना सार्वजनिक सवारीसाधन आवतजावत गर्न सहज भएको छ", क्षेत्रीले भन्नुभयो, "कृष्णथुम्की पौराणिक महत्त्वको धार्मिक स्थल हो, पूर्वाधारको विकासले यसको पर्यटकीय आकर्षण झन बढाएको छ ।"

छुट्टी मनाउन आउने हरेक तीन चार वटा बस भाडामा लिएर कृष्णथुम्कीको अवलोकन गर्न आन्तरिक पर्यटक आउने गरेका अध्यक्ष क्षेत्रीले बताउनुभयो । कृष्णथुम्कीमा सङ्घीय सरकारको सहयोगमा रु ३० लाख ३९ हजार १८० लगानी गरेर मन्दिर र गुम्बाको मर्मतसम्भार गरिएको उहाँको भनाइ छ ।मन्दिर र गुम्बाको मर्मतसम्भारमा सहरी विकास मन्त्रालयले गत आर्थिक वर्ष २०८१/८२ मा रु २८ लाख पाँच हजार १९७ सहयोग गरेको थियो भने विकास समितिले आन्तरिक स्रोतबाट रु दुई लाख ३४ हजार ६२६ जुटाएको थियो ।

डाँडाको शिखरमा रहेको मूल मन्दिर पुग्नका लागि पक्की सिँढीसहित रेलिङ निर्माण गरिएको छ । गुम्बा, साकेला र राधाकृष्णको मन्दिरलाई रङरोगन गरिएको थियो । मुख्य आकर्षणका रुपमा रहेको मन्दिरमा पित्तलको छानो लगाइएको छ भने साकेला र गुम्बाको प्राङ्गण सिमेन्टले ढलान गरिएको छ ।

कृष्णथुम्कीबाट चार किलोटिरको दूरीमा ४९ वटा जलधारा प्रवाहित हुने 'नागदेवी तथा हिले सिमसार' नामक अर्को पर्यटकीयस्थल पनि छ । त्यसैगरी ' मिनी माउन्टेन र वृन्दावन' नामक पर्यटकीयस्थल नजिकै छ । यहाँका सबै पर्यटकीयस्थलमा आउनेहरू कृष्णथुम्की पुग्न बिर्सँदैनन् ।रासस

**Government of Madhesh Province**

**Ministry Of Education And Culture**

**JanakpurDham (Dhanusha)**

**Letter of Intention to Award of the contract**

**Date of publication: 24- 09-2025**

This is to notify that; it is our intention to award the contract for the Construction of **EKDARA GA. PA-4 HALKHORIMA BIDYALAYA SANGAI POKHARIKO CHHATGHAT NIRMAN TATHA SAUNDARIKARAN** Published at Janakpur Today National Daily Newspaper on dated **14-August-2025** for execution of works. Details given in the table below: as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. N. | Name Of Project | Contract ID: | Bid Price (Including VAT And PS) | Substantially responsive lowest evaluated Bidder |
|---|---|---|---|---|
| 1 | EKDARA GA. PA-4 HALKHORIMA BIDYALAYA SANGAI POKHARIKO CHHATGHAT NIRMAN TATHA SAUNDARIKARAN | MOEC/WORKS/NCB/2082-083/3 | 6244335.98 | Radhe Krishna Nirman Sewa Pvt.Ltd Rajpur Municipality Rautahat, Nepal |

# युवाहरू हावामा नकुदौंः ओली



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले युवाहरूलाई इमानदार र क्लीन हुन आग्रह गरेका छन् ।

गुण्डुमा मंगलबार कार्यकर्ताहरूसँगको भेटवार्ताका क्रममा पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीले कर्मठ युवाहरू हावामा कुद्ने नभइ आफ्नो र देशप्रतिको कर्तव्य बिर्सन नहुने जिकिर गरे ।

उनले भने, 'देश बनाउन हिँडेका कर्मठ युवाहरू हावामा कुद्ने होइन । आफ्नो कर्तव्य के हो ? देशप्रतिको कर्तव्य के हो ? समाजप्रतिको कर्तव्य के हो ? पढाइमा कति ध्यान दिने ? जहाँ पनि हामीले इमानदार हुन सिक्नुपर्छ, क्लिन हुन सिक्नुपर्छ,' ओलीले भने, 'नलेज बढाउने, क्यारेक्टर डेभलप गर्नुपर्छ । सामाजिक सञ्जालको डिजिटल प्लेटफर्ममा सहभागी हुने, त्यसको सदुपयोग गरिरहेको छु कि छैन भनेर राम्ररी विचार गर्ने गर्नुपर्छ ।'

जेन- जी प्रदर्शनपछि देश बदनाम अवस्थामा पुगेको भन्दै अत्यन्तै जिम्मेवार र सभ्य बनेर यसबाट उठाउन लाग्नुपर्ने बताएका हुन् ।

'नेपाल एउटा बदनाम अवस्थामा पुगेको छ । त्यसबाट हामीले भन्न सक्नुपर्नेछ, नेपाल इमानदार अवस्थामा छ भनेर । अत्यन्तै जिममेवार र सभ्य मानिसहरूको काँधमा यो कुरा आएको छ,' उनले भने ।

उनले जेनजी प्रदर्शनका क्रममा मान्छेहरू योजनाबद्ध रुपमा लागेको देखिएको पनि बताए ।

# निर्वाचनका लागि सर्वदलीय छलफल गर्न सरकार र आयोगको अलमल

**विद्यमान कानुनले निर्वाचन घोषणा भएपछि मतदाता नामावली संकलन गर्न नदिने भएकाले सरकारले जतिसक्दो चाँडो अध्यादेशमार्फत मतदाता नामावली संकलनका लागि आयोगलाई बाटो फुकाइदिनुपर्ने उप्रेतीले बताए । त्यसपछि सरकार र आयोगले दलहरूसँग छलफल अघि बढाउन सक्ने उनले बताए ।**

**टुडे समाचारदाता**

काठमाण्डु । जेन- जी आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा गठित अन्तरिम सरकारको कार्यभार आउँदो फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्नु रहे पनि अहिलेसम्म राजनीतिक दलसंग सरकारले छलफल गरेको छैन ।

सामान्यतया निर्वाचनको तयारीका लागि निर्वाचन आयोगले ११९ दिनको समय माग्ने गर्छ । यो हिसाबले कार्की नेतृत्वको सरकारलाई चुनाव सम्पन्न गर्न पर्याप्त समय उपलब्ध छ ।

भदौं २७ गते अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त भएकी कार्कीले भदौं २९ र असोज ५ गरी दुई चरणमा मन्त्रिपरिषद् विस्तार गरेकी छन् । तर पनि सरकारले अझै पूर्णता पाइसकेको छैन । ११ सदस्यीय मन्त्रिपरिषद् बनाउने घोषणा गरेकी प्रधानमन्त्री कार्कीले तेस्रो चरणको विस्तारमा सरकारलाई पूर्णता दिने तयारी गरेको छ ।

कार्कीको नेतृत्वमा नयाँ सरकार बने पनि भदौं २३ र २४ गतेको आन्दोलनको रापतापले बिथोलिएको समाज पूरै लयमा फर्किसकेको छैन ।

तोकिएको मितिमै चुनाव सम्पन्न गर्न सरकार, निर्वाचन आयोग, राजनीतिक दलहरू, नागरिक समाज, सुरक्षा निकायसहित



नागरिक समाजको भूमिका आवश्यक र महत्वपूर्ण ठानिएको छ । तोकिएको समयमा निर्वाचन गर्ने वातावरण बनाउन ढिला गर्न नहुने सरोकारवालाहरू बताउँछन् ।

पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले निर्वाचनको मिति घोषणा भएपछि सरकारले निर्वाचनका लागि आवश्यक पर्ने कानुनमा रहेको बाधा फुकाइदिनुपर्ने बताए ।

विद्यमान कानुनले निर्वाचन घोषणा भएपछि मतदाता नामावली सङ्कलन गर्न नदिने भएकाले सरकारले जतिसक्दो चाँडो अध्यादेशमार्फत मतदाता नामावली संकलनका लागि आयोगलाई बाटो फुकाइदिनुपर्ने उप्रेतीले बताए । त्यसपछि सरकार र आयोगले दलहरूसँग छलफल अघि बढाउन सक्ने उनले बताए । सरकारले समयमै निर्वाचन सम्पन्न गर्न तत्काल २ वटा काम थाल्नुपर्ने उप्रेतीको सुझाव छ । उनका अनुसार चुनाव गर्न सरकारले बाधक रहेका कानुन परिमार्जन गर्ने र दलहरूसँगको छलफललाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने हुन्छ । निर्वाचन आयोगले मतदाता नामावली संकलनका लागि बाटो फुकाउन माग गर्दै गृह मन्त्रलायलाई आइतबार नै पत्राचार गरिसकेको आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले बताए ।

'कानुनी बाटो खोल्न सरकारलाई पत्र पठाएका छौं', उनले भने, 'अबको केही दिनमा दलहरू लगायत सरोकारवालाहरूसँग पनि छलफल गर्छौं ।'

प्रमुख राजनीतिक दलहरू पनि तोकिएको समयमै निर्वाचन सम्पन्न गर्ने गरी सरकारले काम गर्नुपर्ने बताइन्छ । नेपाली कांग्रेसका प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले निर्वाचन गर्ने काम आयोगको भए पनि त्यसका लागि वातावरण बनाउन सरकारले दलहरूसँग छलफल गर्नुपर्ने बताए ।

त्यस्तै नेकपा माओवादी केन्द्रका महासचिव देव गुरुङले नयाँ सरकार गठन भएर चुनावको मितिसमेत तोकिए पनि अहिलेसम्म सरकार वा निर्वाचन आयोगले दलहरूसँग कुनै छलफल नगरेको बताए । महासचिव गुरुङले वर्तमान सरकारले बहुदलीय सिस्टमलाई फलो गर्न चाहेको हो वा के हो भन्ने नै अन्योल रहेको बताए ।

त्यस्तै नेकपा एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौतम निर्वाचनको वातावरण बनाउनु सरकारको कर्तव्य भएको बताए ।

## जेन- जी आन्दोलनमा घाइते भएकी एकको मृत्यु

**टुडे समाचारदाता**

वीरगञ्ज । भदौं २४ गतेको प्रदर्शनका क्रममा आगलागीमा परेकी महिलाको मृत्यु भएको छ ।

वीरगञ्जमा भदौं २४ गते भएको प्रदर्शनका क्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अनिल रुङ्टाको घरमा भएको आगजनीमा परेर घाइते भएकी एक महिलाको मृत्यु भएको जनाइएको छ ।

सो आगजनीमा परी घाइते भएका दुई जनामध्ये पर्साको सखुवाप्रसौनी गाउँपालिका-२ का ४५ वर्षीया शोशिला देवी हजराको मृत्यु भएको छ ।

पर्सा प्रहरीका प्रवक्ता डीएसपी किशोर लम्सालका अनुसार उनको उपचारको क्रममा काठमाडौंको कीर्तिपुरस्थित बर्न अस्पतालमा सोमबार मृत्यु भएको छ । हजरा रुङ्टाको घरमा काम गर्थिन् । आगलागीमा उनको शरीरको ५० प्रतिशत भाग जलेको थियो ।

उक्त घटना लगत्तै उनलाई वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा उपचारार्थ भर्ना गरिएको थियो। तर अस्पतालले रिफर गरेपछि बर्न अस्पताल भर्ना गरिएको थियो ।

उक्त आगजनीको घटनामा भारत बिहारको सुगौलीका १८ वर्षीय विनय यादव पनि गम्भीर घाइते भएका छन् । उनको शरीरको ९० प्रतिशत भाग जलेको छ । उनी पनि थप उपचारका लागि कीर्तिपुरस्थित बर्न अस्पताल भर्ना गरिएको थियो ।

# सर्लाहीमा ६३ करोडको क्षति

**टुडे समाचारदाता**

मलंगवा । जेन- जी आन्दोलनको क्रममा तोडफोड र आगजनी हुँदा सर्लाहीमा ६३ करोड ५५ लाख बराबरको सार्वजनिक सम्पत्तिमा क्षति पुगेको छ ।

जिल्ला प्रशासन कार्यालय सर्लाहीले जिल्लाभर सार्वजनिक सम्पत्तिमा पुगेको क्षतिको प्रारम्भिक विवरण सोमबार सार्वजनिक गरेको हो । सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी शिवहरि पोखरेलले भदौं २३ र २४ गतेको आन्दोलनमा सार्वजनिक सम्पत्ति तोडफोड र आगजनी हुँदा पूर्ण क्षति ४७ करोड २० लाख, आंशिक क्षति १४ करोड ३० लाख र सामान्य क्षति दुई करोड पाँच लाखसहित कूल ६३ करोड ५५ लाख बराबरको क्षति भएको जानकारी दिए ।

सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलका अनुसार जिल्लामा सबैभन्दा धेरै क्षति स्थानीय तहमा भएका छन् । जिल्लाका २० पालिकामध्ये छवटा पालिकामा पूर्ण क्षति, दुईवटा पालिकामा आंशिक क्षति र तीनवटा पालिकामा सामान्य क्षति पुगेको पाइएको छ ।

प्रारम्भिक विवरण अनुसार लालबन्दी, ईश्वरपुर, बरहथवा, हरिपुर, हरिपुर्वा नगरपालिका र चन्द्रनगर गाउँपालिकामा




पूर्ण क्षति पुगेको छ । पूर्ण क्षति भएका छ पालिकामध्ये लालबन्दी नगरपालिकामा सबैभन्दा बढी १७ करोड रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

त्यस्तै ईश्वरपुर नगरपालिकामा १२ करोड, बरहथवा नगरपालिकामा १० करोड, हरिपुर नगरपालिकामा दुई करोड ७५ लाख, हरिपुर्वा नगरपालिकामा दुई करोड ४४ लाख र चन्द्रनगर गाउँपालिकामा तीन करोड एक लाख रुपैयाँ बराबरको क्षति भएको छ । यसैगरी आंशिक क्षति पुगेको हरिवन नगरपालिकामा १० करोड चार लाख, बागमती नगरपालिकामा तीन करोड ७५ लाख तथा सामान्य क्षति पुगेको ब्रह्मपुरी गाउँपालिकामा १६ लाख, मलङ्गवा नगरपालिकामा छ लाख र पर्सा गाउँपालिकामा १२ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

प्रादेशिक कार्यालयतर्फ सामान्य क्षति पुगेको कृषि ज्ञान केन्द्र मलङ्गवामा १५ लाख, संघीय कार्यालयतर्फ आंशिक क्षति पुगेको प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यान्वयन इकाइ सर्लाहीमा ४८ लाख र हुलाक कार्यालय लालबन्दीमा तीन लाख रुपैयाँ बराबरको क्षति भएको छ । संघीय सरकार मातहतकै सामान्य क्षति पुगेको नेपाल प्रहरीका विभिन्न युनिटहरुमा एक करोड ४५ लाख, सशस्त्र प्रहरी बलका विभिन्न चेक पोष्टमा छ लाख र सर्लाही जिल्ला अदालतमा पाँच लाख रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलका अनुसार अहिले सार्वजनिक गरिएको क्षतिको विवरण प्रारम्भिक मात्रै हो । उनले भने, "यो विज्ञ प्राविधिकसहित प्रशासन, प्रहरी, पालिका सबै निकायका प्रतिनिति मिलेर सङ्कलन गरिएको प्रारम्भिक विवरण हो ।"

जेन- जी आन्दोलनमा व्यक्तिगत तथा निजी सम्पत्तिमा भएको भौतिक र आर्थिक क्षतिको सम्वन्धमा विवरण संकलन हुनेक्रम जारी रहेको सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलले बताए । प्रारम्भिक क्षतिको विवरण सङ्कलन भएसँगै स्थानीय प्रहरी, प्रशासन दोषी व्यक्तिको पहिचान गर्ने र कारवाही अघि बढाउने काममा लागेका छन् ।

सर्लाही प्रहरीका सूचना अधिकार ीसमेत रहेका डिएसपी सरोज राईले जेनजी आन्दोलनको नाममा सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा आगजनी र तोडफोड गरेर क्षति पुऱ्याउने व्यक्तिको पहिचान गर्न फोटो, भिडियो संकलन गर्ने कार्य भइरहेको बताए ।

# आजपाको केन्द्रीय कमिटी पुनर्गठन, अध्यक्षमा प्रभु साह

टुडे समाचारदाता

जनकपुरधाम । आम जनता पार्टी (आजपा)ले आफ्नो केन्द्रीय कमिटी पुनर्गठन गरेको छ । प्रभु साहको अध्यक्षतामा पुनर्गठित कमिटीमा ३ सय ४८ सदस्यीय संरचना रहने भएको छ ।

पार्टीको पुनर्गठित संरचनाअनुसार १४ सदस्यीय केन्द्रीय कार्यालय, ८७ सदस्यीय केन्द्रीय सचिवालय र २ सय ४७ सदस्यीय केन्द्रीय सदस्य रहने व्यवस्था गरिएको छ । साथै १ सय १ जनालाई वैकल्पिक केन्द्रीय सदस्यको जिम्मेवारी दिइएको छ ।

अध्यक्षमा प्रभु साह र सहअध्यक्षमा तिलक थापामगर चयन भएका छन् । कार्यालय सदस्यहरूमा रितादेवी साह, समिना हुसेन, बिल्टु यादव, अशोक कुमार लामा, त्रिभुवन साह, चन्द्रभुषण साह, धनकुमारी मगर, सुधिर यादव, सियाराम कुशवाहा, श्रीचन्द मुखिया, उमेश कुशवाहा र देवी पण्डित रेग्मी रहेका छन् ।

सचिवालयमा रामशरण यादव, श्रीलाल महासेठ, रबिन्द्र प्रसाद सिंह, जुरीलाल मोची, धर्मेन्द्र पटेल, भोजराज त्रिपाठी, लालबाबु मन्सुरी, लखिन्द्र साह, उदयचन्द्र प्रसाद, नरेश तुरहा, श्रीभगवान पटेल, राधेश्याम साह, बिजय यादव, सुभाषप्रसाद साह, रामकेशव गुप्ता, ओमप्रकाश सिंह, ममता शर्मा, भोला पाण्डे, कुमारी बबिता, रञ्जुकुमारी साह, सञ्जय



यादव, बबिता यादव, गितादेवी साह, ठागा दास, बालकृष्ण सापकोटा, उमाशंकर साह, उपेन्द्र साह, पासाङ तामाङ, सराज बछार, अञ्जित कुशवाहा, शिव थापा, शुभद्रा गुप्ता, अनिल झा, राजेश साह, सुरेश चौधरी लगायत रहेका छन् ।

त्यस्तै मिन बहादुर खत्री, किशोरी साह, देवेन्द्र ठाकुर, रामनाथ माझी, रामबाबु कुशवाहा, राजकिशोर साह, विवेक साह, हेमप्रसाद साह, तेजनारायण चौधरी, बालाशंकर कुशवाहा, जयलाल महतो, विश्वराज पटेल, रविन्द्र यादव, भानु कोइराला, सुरेश साह, डा. नवलकिशोर साह, सिमा जैसवाल, बिजय साह, देवकुमारी साह, पप्पु साह, ब्रम्हा यादव, रामकृत साह, अरबिन्द साह, गोपाल साह, बिरबल महतो, आर्या पाण्डे, हरि थापा, मिनादेवी साह, सन्तोष साह, प्रहलाद पौडेल, खगेन्द्र भण्डारी, कालबहादुर विक, राम बिष्ट, अमर योञ्जन, एमडी सतार, शम्भु जयसवाल, बद्री पासवान र चन्दन साह पनि सचिवालय सदस्यमा समावेश छन् ।

काठमाण्डुको कमलादीस्थित नेपाल प्रज्ञा भवनमा असोज ४ गते केन्द्रीय कमिटी बैठक र असोज ५ गते पदाधिकारी बैठक बसेर कमिटी पुनर्गठन गर्ने निर्णय भएको आजपाका सचिवालय सदस्य रामशरण यादवले जानकारी दिए ।

# जुवा खेलिरहेको अवस्थामा ७ जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको मौलापुर नगरपालिका-९ सोनारनियामा जुवा तास खेलिरहेको अवस्थामा प्रहरीले ७ जनालाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय मौलापुरका प्रमुख इन्स्पेक्टर प्रवेश कार्कीको कमाण्डमा खटिएको टोलीले सोनारनियास्थित मनोज जैसवालको घरमा छापा मार्दा जुवातास खेलिरहेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेहरूमा स्थानीय २५ वर्षीय महेश मुखिया, ३६ वर्षीय रामचलिसा साह कानु, २९ वर्षीय वीरेन्द्र साह कलवार, मौलापुर-४ का ३७ वर्षीय वीरेन्द्र साह, कटहरिया-४ का ३६ वर्षीय प्रमोद साह, बारा आदर्शकोतवाल-५ का २७ वर्षीय रामबाबु पासवान र ५२ वर्षीय बच्चा प्रसाद भेडिहर रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी राजु कार्कीले जनाएका




छन् । पक्राउ परेकाहरु माथी जुवा सम्बन्धी मुदामा जिल्ला अदालत गौरबाट म्याद थमाई थप अनुसन्धान भइरहेको प्रवक्ता कार्कीले बताए ।

प्रहरीले उनीहरूको साथबाट नगद ५४ हजार ६ सय ७५ नेपाली रूपैयाँ, ३ हजार ५ सय भारतीय रूपैयाँ, तासका ५ प्याकेट, ५ वटा स्मार्टफोन र १ वटा किप्याड मोबाइल बरामद गरेको उनले बताए ।

पक्राउ परेकालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय रौतहट पठाइएको इलाका प्रहरी कार्यालय मौलापुरले जानकारी दिएको छ ।

# जनकपुर भन्सार कार्यालय सञ्चालनमा आयो

**टुडे समाचारदाता**

जनकपुरधाम । जेन- जी आन्दोलनका क्रममा आगजनी र तोडफोड भएको जनकपुर भन्सार कार्यालय मंगलबारदेखि पूर्ण रुपमा सञ्चालनमा आएको जनाएको छ ।

भदौं २३ र २४ गतेबाट मुद्दाका कामहरू पनि शुरु गरिएको जानकारी दिए ।

सूचना अधिकारी अवाले जेनजी प्रदर्शनका क्रममा कार्यालयमा करिब १३ करोड ८७ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको बताए । जनकपुरधामको रेल्वे



भएको प्रदर्शनका कारण भन्सार कार्यालयका सम्पूर्ण काम ठप्प भएको थियो । जनकपुरधाम भन्सार कार्यालयका सूचना अधिकारी राजकुमार अवाले कार्यालय मातहत रहेका छोटी भन्सार कार्यालयहरू (भडरिया, इनरुवा र जटही) बाट भन्सार जाँचपास यसअघि नै सुरु भइसकेको थियो भने असोज ५ स्टेशन नजिक रहेको कार्यालयका दुई भवन, कर्मचारी निवास र सवारीसाधनमा आगजनी तथा तोडफोड भएको थियो ।

भदौं २४ गते भएको आगजनीबाट दुई थान भ्यान, लिलामीका लागि राखिएका ३१५ वटा मोटरसाइकल, एउटा निजी ट्रक, फर्निचर, कम्प्युटर, प्रिन्टरलगायतका सामग्रीहरू नष्ट भएका थिए ।

## जनकपुरधाम उपमहानगरपालिकाका कर्मचारीद्वारा पेन डाउन



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामउपमहानगरपालिकाका कर्मचारीहरुले पेन डाउन गरेका छन् । उपमहानगरपालिकाका उपमेयर किशोरी साहले सोमबार आफूहरुलाई अभद्र व्यवहार गरेको आरोप लगाउँदै कर्मचारीहरुले मंगलबार पेन डाउन गरेका छन् ।

यादवका अनुसार उपमेयर साह कार्यालय समयमा नियमित रूपमा उपस्थित नहुने, आउँदा समेत अधिनस्त कर्मचारीलाई जथाभावी गाली गर्ने प्रवृत्ति देखाउने गरेको आरोप छ ।

मुटुलाई माया गरौं ।

मुटुलाई स्वस्थ राख्नः

- नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
- नुनिलो, चिल्लो र गुलियो कम खाऔं, सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाऔं,
- धूम्रपान र मद्यपान नगरौं,
- ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं,
- पर्याप्त मात्रामा सुतौं,
- सक्रिय जीवनशैली अवलम्बन गरौं,

मुटुको नियमित परिक्षण गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८